पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २७ | २०७२ फागुन ७ गते शुक्रबार (Feb 19 , 2016) | मूल्य रू. १०/-

## मन्त्री ढकाललाई बर्खास्त गर

काठमाडौं । क्रिश्चियन धर्मको प्रचार गर्दै आएका शान्ति तथा पुनःनिर्माण मन्त्री एकनाथ ढकाल दक्षिण कोरिया पुगेर आफूले नेपालमा क्रिश्चियन धर्मको प्रचारमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरेपछि नेपालमा उनलाई मन्त्री पदबाट बर्खास्त गर्नुपर्ने आवज व्यापक रूपमा उठेको छ ।

दक्षिण कोरियाबाट क्रिश्चियन धर्म प्रचारका लागि रकम ल्याउने गरी उनले आफ्नै नेतृत्वमा पिस फाउन्डेसन नामक संस्था खोलेका छन् । उनीसँगै कोरिया पुगेका विभिन्न पार्टीका सांसदहरूलाई एकै ठाउँमा राखेर उनले आफूले नेपालमा क्रिश्चियन धर्म प्रचारमा पुऱ्याएको योगदानका बारेमा प्रवचन समेत दिएका थिए । सो अवसरमा उनले आफूले कांग्रेस, एमाले एमाओवादी र अन्य केही साना (बाँकी अन्तिम पेजमा)

# धर्मनिरपेक्ष संविधान खारेज गर्ने गर्जन

काठमाडौं । ९३ प्रतिशत ऊँकार परिवार बसोबास गर्ने मुलुकको संविधान कसरी धर्मनिरपक्ष हुनसक्छ ? यो दुर्भाग्यपूर्ण संविधान खारेज गर भन्दै राष्ट्रिय जनसंघर्ष समितिले यो संविधान खारेज गर भन्ने माग अघि सारेको छ ।

यो संघर्ष समितिका संयोजक छन्- अधिवक्ता वालकृष्ण न्यौपाने । उनले गत सोमवार रिपोर्टर्स क्वलमा पत्रकार सम्मेलन गरेर शान्तिपूर्ण जनसंघर्ष सुरू भएको घोषणा गरेका छन् । यो जनसंघर्षको सुरूआत फागुन ७ गते शान्ति बाटिकामा शान्तिपूर्ण प्रदर्शनबाट अघि बढ्ने योजना पनि सार्वजनिक गरिएको छ ।

अव ऊँकार परिवार संघर्षमा उत्रन बाध्य भएको छ । संविधान खारेजी नभएसम्म



ऊँकार परिवारको संघर्ष रोकिने छैन । ९३ प्रतिशत ऊँकार परिवारको भावनासँग खेलबाड गरेर विदेशीको इसारामा धर्मनिरपेक्ष संविधान घोषणा गरिनु मूर्खतापूर्ण कार्य हो भन्दै संयोजक र अन्य जनसंघर्ष समितिका सदस्यहरूले कडा आलोचना गरेका छन् ।

यस्तो संविधान खारेज गर्नु पर्ने, नेपाललाई हिन्दु अधिराज्य कायम गर्नु पर्ने, सार्वभौमसत्ता र राजकीय सत्ता नेपालको सीमानाभित्र ल्याउनु पर्ने, राष्ट्रिय शक्तिको निर्माण गरेर गैरराष्ट्रिय शक्तिको बहिर्गमन, सार्वजनिक पदमा बसेकाको सम्पत्ति छानविनको लागि आयोग गठन गर्नु पर्ने लगायतका ११ बुँदे माग पनि अघि सारिएको छ ।

आफूलाई लोकतन्त्रवादी हुँ भन्नेहरूले यो राष्ट्रिय जनसंघर्ष समितिलाई दरवारिया तत्व, राजावादी भनेर आलोचना गरेका छन् । तथापि त्यो आलोचनाको पर्वाह नगरी जनसंघर्ष समिति देशैभरि सक्रिय भएको खबर आइरहेको छ ।

ऊँकार परिवार सडकमा उत्रिए भने संसद र सरकार अप्ठेरोमा पर्ने निश्चित छ । एकातिर भारतीय नाकावन्दीबाट छटपटी समाप्त भएको छैन, अर्कोतिर मधेसवादी दलहरू पुनः एकतावद्ध भएर हिमाल, पहाड, तराईमा एकैसाथ सहरकेन्द्रीत आन्दोलनमा उत्रिने भनिरहेका छन् र उपेन्द्र यादवले हङकङबाट मधेसी, थारू, आदिवासी (बाँकी अन्तिम पेजमा)

## कम्युनिष्टको नौटंकी पूजाआजा



काठमाडौं । सपथ खानेबेलामा सत्यनिष्ठा भनेर सपथ खाने अनि छठ देवीको पूजा गर्नपुग्ने, पशुपति दर्शन गर्ने यो कम्युनिष्टको कुन नाटक हो । जनताको धार्मिक भावनासँग खेल्न जान्ने कम्युनिष्टहरूमध्ये केपी ओली पनि हुन्, उनले यस्तै खेल सुरू गरेका छन् । पहिले रानीपोखरी पुगेर छठ पूजा गरेका उनले गत सोमवार पशुपति दर्शन गरेर रक्षा गर महादेव भनेर भगवान पुकारे ।

शिवरात्रि नगिचिएको छ । शिवरात्रिमा (बाँकी अन्तिम पेजमा)

## मनमोहनको नाममा पनि व्यापार

काठमाडौं । लामो समयदेखि विवादको घेरामा रहेको नेकपा एमालेका पूर्वअध्यक्ष एवं पूर्वप्रधानमन्त्री स्व.मनमोहन अधिकारीको नाममा खोलिएको मनमोहन स्वास्थ्य विज्ञान प्रतिष्ठान फेरि विवादको घेरामा तानिएको छ । सो प्रतिष्ठानलाई वैधानिकता प्रदान गर्न एमाले नेताहरू लागि परेका छन् । नाफामूलक संस्थालाई प्रतिष्ठान बनाउने गरी छुट्टै कानुन निर्माण गर्न थालिएको भन्दै त्यसको विरोधमा नागरिक अगुवाहरू अघि सरेका र उनीहरूले सभामुख ओनसरी घर्तीमगरलाई आइतबार ध्यानाकर्षण पत्र नै बुझाएका छन् ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति केदारभक्त माथेमा, प्रा.डा. रमेशकान्त अधिकारी, डा.मदन उपाध्याय, डा.कृष्ण गिरी, कवीन्द्र शर्मालगायतको टोलीले सभामुख घर्तीमगरलाई प्रस्तावित मनमोहन (बाँकी अन्तिम पेजमा)

## प्रधानमन्त्री पशुपतिमा, मन्त्री चर्चमा

काठमाडौं । प्रधानमन्त्री केपी ओली पशुपति दर्शन गरिरहदा उनका शान्ति तथा पुननिर्माण मन्त्री एकनाथ डकाल १० जना सभासदहरूलाई बोकेर कोरियामा क्रिश्चियन धर्म प्रवर्द्धन गरिरहेका छन् । सिंहदरवारको मन्त्रालयलाई क्रिश्चियन धर्म प्रचारको बैठक थलो बनाएका मन्त्री एकनाथ ढकालले जतिसुकै क्रिश्चियन धर्म प्रचारक बनेर देशको मन्त्रीको हैसियत गुमाए पनि प्रम केपी ओलीले अझैसम्म उनलाई देशको मन्त्रीको हैसियतमा बस्न भन्न सकेका छैनन् ।

एकनाथ ढकाल मन्त्रालयमै अव नेपाललाई क्रिश्चियन मुलुक बनाइन्छ भन्न थालेका थिए, कोरियामा ठूला क्रिश्चियन पाष्टरहरूसँग भेटेर चार्ज भएर आएपछि नेपालमा कस्तो चर्तिकला देखाउने हुन् ? विश्लेषकहरूले जिज्ञासा राखेका छन् ।

(बाँकी अन्तिम पेजमा)

## प्रभु र ग्रान्डको एकीकृत कारोबार सुरू

काठमाडौं । प्रभु बैंक र ग्रान्ड बैंकको मर्जरपछि औपचारिक रूपमा एकीकृत कारोबार सुरू भएको छ । गत शुक्रबार काठमाडौंस्थित प्रभु बैंकको केन्द्रीय कार्यालयमा भएको कार्यक्रममा एकीकृत कारोबारको औपचारिक घोषणा गरिएको हो । एकीकृत कारोबारको सुरूवात गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवि नेपालले प्रभु बैंकले एक खराब अवस्थामा पुगेको बैंकलाई मर्जर गरेर राम्रो काम गरेको बताए ।

उनले भने, 'प्रभु बैंकले धेरैवटा अप्ठ्यारो अवस्थामा रहेका वित्तीय संस्थालाई मर्ज गरेर उल्लेखनीय काम गरेको छ ।' राष्ट्र बैंकले मर्जर निर्देशिका ल्याएपछि ८७ वटा बैंक तथा वित्तीय संस्था गाभिएर ३१ वटा भएको जानकारी गभर्नर डा. नेपालले दिए । मर्जरपछि वित्तीय संस्थाहरू बलियो हुने उनको भनाइ थियो । उनले भने, 'थोरै र बलिया संस्था भएपछि राष्ट्र बैंकलाई पनि अनुगमन गर्न सहज हुन्छ ।'

बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले एक वर्षभित्रमै अर्को ठूलो एउटा मर्जर सम्पन्न गरेको बताए । १० वर्षअघि प्रभु फाइनान्स कम्पनीको रूपमा प्रभु बैंक स्थापना भएको थियो । ५ करोड रूपैयाँ चुक्ता पुंजी राखेर खोलेको सो कम्पनी २०७० (बाँकी अन्तिम पेजमा)

## एकताको सपना बाँड्यो माओवादीले

**अभियान संवाददाता**



काठमाडौं । विभिन्न समयमा एकले अर्कोलाई आरोप-प्रत्यारोप लगाउँदै विभाजित भएको एमाओवादीले फेरि आफ्ना कार्यकर्ताहरूलाई एक हुने सपना देखाएको छ । एमाओवादी आन्दोलनका नेता साँघुरो घेराबाट बाहिर निस्कन नसक्दा ६ टुक्रामा विभाजित भएका नेताहरूले फागुन १ गते एक कार्यक्रम मार्फत् फेरि एक हुने सपना कार्यकर्तालाई देखाएरका भएपनि अहिलेकै अवस्थामा माओवादी एक हुन नसक्ने कार्यकर्ताहरूले नै बताएका छन् । फागुन १ गतेलाई जनयुद्ध दिवसका रूपमा मनाउँदै आएको माओवादीले माओवादी आन्दोलनलाई फेरि एकताबद्ध गरी समाजवादी क्रान्ति पुरा गर्ने दाबी समेत गरेका छन् ।

जनवादी क्रान्तिका लागि भन्दै २०५२ साल फागुन १ गते माओवादीले मुलुकभर एकैसाथ सशस्त्र जनयुद्ध सुरू गरेको थियो । उक्त संघर्ष २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता मार्फत अन्त्य भएको थियो । शान्ति सम्झौतापछि सरकार र सदनमा पुगेका माओवादीका नेताहरूले पटक पटक पार्टी विभाजन गर्दै आएका छन् । पछिल्लो समयमा पुष्पकमल दाहाल, (बाँकी अन्तिम पेजमा)



पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## नाका खुल्यो भन्दैमा ढुक्क भएर नबसौं

*संविधानसभाले संविधान निर्माण गरीजारी गरेपश्चात भारतले लगाएको अघोषित नाकाबन्दी अघोषित रुपमैं खुलेपनि उपभोक्ताहरुले सहज रुपमा इन्धन, ग्यास पाउन नसकिरहेका बेला प्रधानमन्त्री केपी ओली आज भारतको औपचारिक भ्रमणमा जाने भएका छन् । संविधान निर्माण हुने क्रममैं केही मेधसवादी दलहरुले आफ्ना मागहरु सम्बोधन नभएको भन्दैं संविधान निर्माण छोडेर मधेस आन्दोलनमा गएका थिए । मधेसवादी दलहरुले उठाएका मुद्दालाई भारतले अपहरण गरेर लामो समयसम्म नेपालमाथि अघोषित नाकाबन्दी लगाएकै बेला संसदबाटैं पहिलो पटक संविधान संशोधन गरिएपछि भारत केही नरम भएको र उसले आफैंले लगाएको अघोषित नाकाबन्दी अघोषित रुपमैं हटाएपछि प्रधानमन्त्री केपी ओली भारत भ्रमणमा जान तयार भएका हुन् ।*

*भारतले लगाएको अघोषित नाकाबन्दीले गर्दा २०७२ साल वैशाख १२ गते गएको भूकम्पले पीडित भएका जनता नाकाबन्दीले गर्दा अझ पीडित भएका छन् । मानौं एकप्रकारले भारतले भूकम्पले गर्दा पीडित भएका नेपाली माथि घाउमा नून छर्ने काम गरेको थियो । छिमेकी मुलुकले लगाएको नाकाबन्दीले गर्दा जनता पीडित भएपनि पीडालाई भुल्दैं नेपाली जनताले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताको पक्षमा देखाएको अभूतपूर्व साहसलाई मध्यनजर गर्दैं प्रधानमन्त्री केपी ओलीले जनताको त्यो साहसलाई कुनैं हालतमा पनि गिर्ने कम गर्नु हुँदैन । ओली नेतृत्वको सरकारले जनताको नाममा सिन्कोसम्म भाँच्न नसकेपनि ओलीले लिएको राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताको कदमलाई जनताले स्वीकार गरेका छन् । जनताले आजसम्म ओली नेतृत्वको सरकारको विरुद्धमा कुनैं आवज उठाएका छैनन् । तर जनताले आफ्नो नेतृत्वको सरकारलाई सहयोग गरेका र गर्नेछन् भनि प्रधानमन्त्री ओलीले भारतमा गएर कँ कुनैं राष्ट्रघाती सन्धी, सम्झौताहरु गर्नु जनताको अपमान र जनतालाई धोका दिनु हो । त्यसैले ओलीले अहिले विग्रन लागेको नेपाल-भारत सम्बन्धलाई मजबुद पार्ने कार्य बाहेक अन्य कुनैं सन्धी सम्झौताहरु अहिलेकैं अवस्थामा गर्नु उचित हुँदैन ।*

*संविधन संशोधनपछि केही मधेवादी दलहरुले उठाएका मुद्दाहरु सम्बोधन भएका छन् । जनसंख्याको आधारमा निर्वाचन क्षेत्र हुनुपर्ने संवैधानिक ब्यवस्था गरिएको छ भने राज्यका प्रत्येक निकायमा समानुपातिक समावेसी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराइने संवैधानिक ब्यवस्थाले गर्दा अहिलेको नेपालको संविधान विश्वका कुनैं मुलुकको संविधान भन्दा पछाडि छैन भन्ने प्रमाणित भएकाले प्रधानमन्त्री ओलीले छिमेकी मुलुक भारतलाई त्यो बुझाउन सक्नु पर्छ । भारतमा भने अहिलेसम्म जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिएको छैन भने राज्यका प्रत्येक निकायमा समानुपातिक र समावेसी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराइने कुनैं कानुनी ब्यवस्था समेत भएको छैन । त्यसैले भन्न सकिन्छ, नेपालको संविधान भारतको संविधानभन्दा उत्कृष्ठ छ । भारतले नेपालको संविधानको कनैं अध्ययन नै नगरी केही मधेसवादी दलका नेताहरुको कुरा सुनेर उनीहरुकैं सहयोगमा नेपालमाथि अघोषित नाकाबन्दी लगायो, त्यसले गर्दा स्वयं भारतभित्रैं नरेन्द्र मोदी नेतृत्वको सरकारको आलोचना मात्र भएन, संसदमैं त्यसको ब्यापक विरोध समेत भयो ।*

*संविधान संशोधनपछि अब मधेसवादी दलहरुले समेत आफ्नाकेही मुद्दाहरु सम्बोधन भएको स्वीकार गर्दैं अन्य केही मुद्दाहरु बाँकी भएका भए अहिले पाएका उपलब्धीलाई ग्रहण गरेर वार्ता र संवादकैं माध्यमबाट समस्याको समाधान खोज्नु उपयुक्त हुनेछ । भारतले लगाएको अघोषित नाकाबन्दी र मधेसवादी दलहरुले गरेको मधेस आन्दोलनले गर्दा मधेसमा बसेबास गर्ने र गरिखाने जनता नै पीडित भएका छन् । मधेसवादी दलहरुले समेत जनताको सेवाका लागि राजनीतिक गरेका भए उनीहरुले जनतालाई पीडा हुने आन्दोलन गर्नु किमार्थ उचित हुँदैन । सरकार र राजनीतिक दलहरुसँग उनीहरुको चित्त नबुझेको हो भने उनीहरुले ब्यवस्थापिका संसदमैं गएर त्यही संसद अवरोध गर्ने, प्रधानमन्त्री कार्यालय घेर्ने, मन्त्री निवास घेर्नेजस्ता कार्यक्रमहरु अघि सार्न सक्ने बाटाहरु हुँदा हुँदैं नेपाल-भारत सीमामा बसेर मुलुकलाई आवश्यक पर्ने इन्धन, ग्यास लगायतका अति आवश्यक समान आयात हुने नाकाहरु बन्द गराउनु कुनैं हालतमा पनि उचित हुन सक्दैंन ।*

*भारतले लगाएको अघोषित नाकाबन्दी अघोषित रुपमैं हट्यो भनेर सरकारले खुसी हुनुपर्ने अवस्था छैन । नाकाबन्दी र मधेस आन्दोलन अनि भूकम्पले गर्दा मुलुकको अर्थतन्त्र डामाडोल भएको छ । विकास निर्माणका कार्यहरु ठप्प भएका छन् । मुलुकको विकास निर्माण १० औं वर्षपछि धकेलिएको छ । यीसबैं सत्य वास्तविकतालाई मध्यनजर गर्दैं अब सरकारले क्रमशः एउटा देशमाथिको परनिर्भरता हटाउने उद्देश्यका साथ अर्को छिमेकी मुलुक चीनसँगका सबैं नाकाहरु अविलम्ब खोल्नु पर्छ । दुई तिरका नाका खोल्दा स्थानीय जनतालाई समेत सुविधा हुने भएकाले त्यसतर्फ ओली नेतृत्वको सरकारको तत्कालैं ध्यान जाओस् भनी हामी आग्रह गर्दछौं । नाका खुलेपछि ढुक्क भएर बस्ने बेला यो होइन, भारतले अहिले मात्र नाकाबन्दी नलगाएको हुनाले पुनः नाकाबन्दी लगाउँदैंन भन्ने हेक्का सरकारमा रहेकाहरुलाई होस भन्ने हामी आग्रह गर्दछौं ।*

# भाँचिएको मन ओलीको भ्रमणले जोड्ला

*देवेन्द्र चुडाल*

प्रधानमन्त्री केपी ओलीको औपचारिक भारत भ्रमण भोली शुक्रबारबाट शुरू हुँदैछ । यो भ्रमणले सवैको ध्यान तानेको छ । किनकी भारतले लगाएको अघोषित नाकाबन्दीले गर्दा नेपाल भारत सम्बन्धमा एक प्रकारको तनाव उत्पन्न भएको थियो । भारतले नेपालको तत्कालिन संविधानसभाले संविधान निर्माण गरी जारी गरेपश्चात अघोषित रूपमा नाकाबन्दी लगाएर आफू नेपालको ठूलो दाइ भएको र संविधान निर्माणमा आफूले भनेको नमानेको भन्दै केही मेधसवादी दलहरूको सहयोगमा नाकाबन्दी लगाएर नेपाल र नेपाली जनतालाई घुँडा टेकाउन खोजे पनि ऊ असफल भएपछि अघोषित रूपमा लगाएको नाकाबन्दी अघोषित रूपमै माघ २२ गतेदखि खोलेको थियो । अहिले नेपाल-भारत सम्बन्ध शान्तिपूर्ण अवस्थामा पुगेका बेला प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको परीक्षण मात्र होइन, नेपाल-भारतको सम्बन्ध एक्काइसौं शताब्दीमा कस्तो हुने हो, त्यसको जग समेत यस भ्रमणले निर्धारण गर्ने भएकाले प्रधानमन्त्री ओलीको भारत भ्रमण पनि युगान्तकारी र महत्वपूर्ण हुने विश्वास गरिएको छ ।

एक्काइसौं शताब्दीलाई नै प्रभाव पार्ने यस भ्रमणको बेला नेपालले गर्ने चानचुने तयारी पुग्न सक्दैन । अहिले दुवै देशका प्रधानमन्त्री दबाबमा छन् । भारतले लगाएको अघोषित नाकाबन्दी अघोषित रपमै खुलेपनि नेपाली जनताले नाकाबन्दीका बेला पाएको दुःख, कष्ट र सास्तीलाई भुल्न नसकेका हुनाले भारतले अब कस्तो व्यवहार गर्नुपर्छ भन्ने प्रश्न भारतीय जनता र भारतका राजनीतिक दलहरूले उठाएका हुनाले भारतीय प्रधानमन्त्री मोदी दबाबमा रहेका छन् । मानौं अहिले नेपाल-भारत एउटा पुलका वारी पारी रहेका र पुल बीचमा भाँचिएको अवस्थामा रहेको छ । के प्रधानमन्त्री ओलीको भारत भ्रमणले भाँचिएको पुललाई जोड्न सम्भव छ त ? नेपाली जनता र भारतीय जनताबीच कुनै दुश्मनी छैन । विगत लामो समयदेखि नेपाल-भारत बीचमा वैवाहिक, धार्मिक, साँस्कृतिक सम्बन्ध समेत रहिआएको र नेपाल-भारत बीचमा सीमाना समेत खुल्ला रहेको अवस्थामा एउटा छिमेकी मुलुकले अर्को छिमेकी मुलुकलाई दुश्मनी व्यवहर देखाउनु किमार्थ उचित हुन सक्दैन । नेपालका राजनीतिक दलका केही नेताहरूले भारत भ्रमण गरेर त्यहाँका नेताहरूलाई आनावश्यक आश्वासन दिएक भए त्यस्ता आश्वासनहरू कहिल्यै पुरा हुन सक्दैनन् हेक्का स्वयं भारतलाई र त्यहाँका राजनीतिक दलका नेताहरूलाई हुनु पर्ने हो । नेपाल सरकारले दिएका आश्वासनहरू मात्र पुरा हुनसक्छन् । पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थलाई पुरा गर्न नेपालका राजनीतिक दलका नेताहरूले दिएका आश्वासनहरू पुरा भएनन् भनेर त्यसको रिस फेर्न नेपालमाथि नाकाबन्दी लगाएर भारतले अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र समझदारीको उल्लंघन गरेको छ । एउटा भूपरिवेष्ठित मुलुकले सहजरूपमा पाउनु पर्ने पारवहन सुविधाबाट समेत नेपालाई वञ्चित गरेर छिमेकी मुलुक भारत विश्वसामु नांगिएको छ । भारत यतिबेला संयुक्त राष्ट्रसंघको स्थायी सदस्य र उदीयमान आर्थिक शक्ति बन्ने चरणमा रहेका बेला छिमेकी मुलुकहरूसँग उसको सम्बन्ध कस्तो हुनेछ भन्ने प्रमाणित पनि नेपालसँग उसले गर्ने व्यवहारले देखाउनेछ । नेपालले पनि भारतसँग कस्तो सम्बन्ध बनाएर अघि बढ्ने हो त्यसको खुलासा गर्नु जरूरी भएको छ । किनकि संविधानसभाले नयाँ संविधान निर्माण गरी जारी समेत गरिसकेको अवस्थामा नेपालले अब लुकाउनु पर्ने कुनै चिज बँकी छैन । नेपालको संविधानले नै उदार प्रजातान्त्रिक व्यवस्था अँगालेकाले र सार्वभौमसत्ता सम्पन्न प्रतिनिधिहरूले सझा अवधारणा अनुसार छिमेकी मुलुकहरू र विश्वका अन्य मुलुकहरूसँगको नीति तर्जुमा गरिरहेको छ नेपालले यसबेला ।

हाम्रा प्रधानमन्त्री केपी ओलीको यो पहिलो विदेश यात्रा मात्र होइन, जनताका प्रतिनिधिहरू आफैंले संविधान निर्माण गरेपछिको कार्यकारी प्रमुखको यो पहिलो विदेश भ्रमण भएकाले यसले विशेष अर्थ राखेको छ । ओलीको यस भ्रमणले विश्वमा नेपाल र भारतबीचको अन्तरनिर्भरतालाई ओलीको भ्रमणले राजनीतिक र कुटनीतिक रूपमै छर्लङ्ग पार्ने अपेक्षा नेपाली जनताले गरेका छन् । यति हुँदा हुँदै पनि हाम्रो अवाश्यकता अनुकुल प्रधानमन्त्रीको भारत भ्रमणको तयारी गरिरहेको छ ? भारतीय प्रधानमन्त्री र नेपालका प्रधानमन्त्रीको मिलन केवल गला मिलाउने मिलन झैं हुनसक्ला । तर, त्यसको फाइदा नेपाल र नेपाली जनतालाई के ? हाम्रा प्रधानमन्त्रीको भारत भ्रमण मिहिन रूपमा गरिनु अवाश्यक थियो, तर त्यसो भएको देखिएको छैन । केपी ओली प्रधानमन्त्री हुनुअघिदेखि नै भारतले नेपालमाथि नाकाबन्दी लगाएको र त्यसको मार नेपाल र नेपाली जनतामाथि परेका बेला प्रधानमन्त्री ओली नेतृत्वको सरकारको ध्यान नाकाबन्दी खुलाउने तर्फमात्र उन्मुख रहेकाले भ्रमणको तयारी नपुगेको जस्तो देखिएको भएपनि नेपाल र भारत पुराना मित्र राष्ट्रहरू भएका र दुवै देशले एक अर्को मुलुकका समस्याहरूको जानकारी भएकै कारण ओलीको भ्रमण फलदायी नै हुने विश्वास गर्न सकिन्छ । विश्वका प्रायः सबै देशका राष्ट्र प्रमुख र सरकर प्रमुखहरूको भ्रमण हुँदा एकदमै राम्रो तयारी गरिने परम्परा रहेको छ । केही समय पहिला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा उनको सवारी मन्त्रीमा तत्कालिन सञ्चारमन्त्री मिनेन्द्र रिजाललाई खटाइएको थियो । मन्त्री रिजालले प्रधानमन्त्री मोदीको भ्रमणबारे जानकारी गराउने गरेका थिए । यसरी राष्ट्रप्रमुख र सरकार प्रमुखहरूको भ्रमणलाई अविष्मरणीय बनाउने कार्य समेत गरेका थुप्रै उदाहरणहरू हाम्रै सामु रहेका छन् । त्यसैले ओलीको भ्रमणलाई अविस्मरणीय बनाउन भारतका रहेका हाम्रा कुटनीतिज्ञहरूले ठूलो पहल गर्नु आवश्यक देखिन्छ । त्यसैका लागि कुटनीतिज्ञलाई डलरमा तलबभत्ता दिएर पर्याप्त सुविधा उपलब्ध गराएको हुन्छ राज्यले । ति कुटनीतिज्ञहरूले राज्यको ऋण त्यसबेला मात्र तिर्न सक्छन् । ठूला ठूला कुरा गरेर मात्र होइन, साना साना कुराहरूमा पनि उनीहरूले ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

पछिल्लो समयमा सोसल मिडियाको जगजगी रहेको छ । उनीहरूले सानो ठाउँ पाएको खण्डमा भ्रमणलाई नै खलास पारिदिन सक्छन् । सोसल मिडिया आक्रामक बन्दै गएका छन् । फेसबुक, ट्वीटरले व्यक्तिको छवि मात्र धमिलो बनाउँदैनन्, ह्वात्त नै पारिदिन सक्ने भएका हुनाले हाम्रा कुटनीतिज्ञहरू यस मामिलामा चलाख हुन अति जरूरी छ । प्रधानमन्त्री ओलीको भ्रमणमा संलग्न हुने व्यक्तिहरू पनि शालीन र शिष्ट भएर प्रस्तुत हुन अवाश्यक छ । त्यसका लागि भ्रमणदलमा जाने भ्रमण दलका सदस्यहरूलाई पहिला नै परराष्ट्र मन्त्रालयले रिहर्सल गराउनु उचित हुनेछ । ओलीको भारत भ्रमणले नेपाल र नेपाली जनताको हित गर्न सकेको र स्वाभीमानी नेपाली जनतामा भ्रमणका बारेमा सकारात्मक सन्देश फैलियोस भनेर स्वयं प्रधानमन्त्री र भ्रमण दलका अन्य सदस्यहरू प्रत्येक क्षण सजग रहनु अवाश्यक देखिन्छ । यसो भएको खण्डमा मात्र प्रधानमन्त्री ओलीको भारत भ्रमण कोशेढुंगा सावित हुन सक्छ ।

भारतले लगाएको अघोषित नाकाबन्दी नखुलेसम्म आफूले भारत भ्रमण नगर्ने प्रतिबद्धता जाहेर गरेका प्रधानमन्त्री ओलीले आफ्नो प्रतिबद्धता पुरा गरेका छन् । भारतले अघोषित रूपमा लगाएको नाकाबन्दी अघोषित रूपमै खोलेपछि ओली भारत भ्रमणमा जान राजी भएका हुन् । नाकाबन्दीका बेलामा पनि नेपाली जनताले ओली नेतृत्वको सरकारलाई ठूलो सहयोग र समर्थन गरे । जनता घन्टौंस्म्म तेल र ग्यासको लाइनमा बस्न बाध्य भएपनि उनीहरूले ओली सरकारलाई गाली गरेनन्, भारततर्फ हात ठडियो । आखिरी किन ? के ओलीले त्यो बुझेका छैनन् भन्ने हामीलाई लाग्दैन । ओलीले प्रधानमन्त्रीमा नियुक्त हुनासाथ उद्घोष गरेका थिए, म प्रधानमन्त्री पदमा रहुञ्जेल र बाहिर आएपछि पनि राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताको लागि लड्न तयार छु, यी चिजमा कसैसँग कुनै हालतमा पनि सम्झौता गर्दिनँ भनेका हुनलो जनताले ओलीको त्यही कुरालाई विशवास गरेर समर्थन गरेका हुन् । जनताले देखाएको माया र विश्वासलाई ओली नेतृत्वको सरकारले जनताको कमजोरी ठानेको खण्ड त्यो भन्दा ठूलो दुर्भाग्य ओली सरकारका लागि अर्को केही हुन सक्दैन । त्यसैले पनि ओलीले भारत भ्रमणका बेला नेपाल र नेपाली जनताको हित विपरितका कुनै सहमति, सम्झौता र समझदारी गर्नु अहिलेकै अवस्थामा उचित हुन सक्दैन । ओलीको यस भ्रमणले अहिले चिसिएको नेपाल-भारतको सम्बन्धलाई मजबुत बनाउने कार्य मात्र गर्न सके त्यही ठूलो उपलब्धि हुनेछ ।

पछिल्लो समयमा नेपालभित्रै थुप्रै समस्याहरू थपिएका छन् । राजनीतिक दलहरू केही विषयमा एकमत भएपनि केही मुद्दाहरूमा एकले अर्कोलाई विश्वास गर्न सकिरहेका छैनन् । संविधानसभाले संविधानका लागि जनताको राय संकलन गर्ने क्रममा झण्डै सतप्रतिशत जनताले नेपाल हिन्दूराज्य नै कामय हुनुपर्छ भन्ने मत जाहेर गरेका भएपनि केही पश्चिमा मुलुकहरूले केही राजनीतिक दल र तिनका नेताहरूलाई प्रभावमा पारेर धर्मनिरपेक्ष राष्ट्र बनाइयो । कलान्तरमा यसले नेपाल र नेपाली जनताको अस्तित्व नै संकट आउन सक्ने सम्भावना बढ्दै गएकाले प्रधानमन्त्री ओलीले यस विषयमा समेत आफ्नो भ्रमणमा भारतीय समकक्षीसँग कुरा उठाउनु जरूरी छ । नेपाल सानो राष्ट्र भएपनि आजसम्म कसैको छत्रछायाँमा बस्नु परेको छैन । नेपाल एउटा स्वतन्त्र, सर्वाभौमसत्ता सम्पन्न मुलुक हो, त्यसैले पश्चिमा राष्ट्रहरूभन्दा छिमेकी मुलुकहरूको दबाब नेपालमा बढी पर्ने भएकाले र भारतमा पनि हिन्दूहरूको बाहुल्यता रहेकाले नेपाललाई हिन्दूराष्ट्र बनाउन सके भारतको पनि हित नै हुन्छ । त्यसैले प्रधानमन्त्री ओलीले भारत भ्रमणका बेला नेपाललाई विश्वभरका एक अर्बभन्दा बढी हिन्दूहरूको पवित्र भूमी नेपाल बनाउने, धार्मिक पर्यटक नेपाल भित्राएर नेपालको विकासमा सहयोग पुऱ्याउने कार्यमा भारतलाई सहमत गराउन सकेमा प्रधानमन्त्री ओलीको भारत भ्रमण सफल भएको स्वीकार गर्न सकिन्छ । यी सबै कार्यहरूमा हाम्रा प्रधानमन्त्रीले कसैको दबाबमा नपरी खुला दिमागले भारतीय समकक्षीसँग कुराकानी गरेर सर्वाभौमसत्ता सम्पन्न नेपाललाई पुनः हिन्दूराष्ट्र कायम गराउने कार्यमा उनको भ्रमण सफल होस् भन्ने कामना हामी गर्दछौं ।

*devendrachudal@gmail.com*

# हिन्दूराष्ट्र दिने कि अस्थिरतातिर लैजाने



राजन कार्की

आखिर धर्मनिरपेक्षता नै मुलुकको मुख्य मुद्दा बन्यो । भारतीय नाकावन्दी, मधेसी मोर्चाको आन्दोलन र देशभित्रभित्रै सल्किदै गएको ९३ प्रतिशत ऊँकार परिवारको असन्तुष्टिको मुख्य कारण धर्मनिरपेक्षताको घोषणा नै हो । हिन्दूहरूको असन्तुष्टि आगोको ज्वाला बन्न थालिसकेको छ । आन्दोलनको थालनी भइसकेको छ, चर्कियो भने महाभारत युद्ध हुनेछ । त्यतिबेला संविधानको मस्यौदामा धर्मनिरपेक्षता घुसाउने पूर्वसभामुख सुवास नेम्वाङ अथवा पश्चिमा दबाबमा जिब्रो तालुमा टाँसेर बसेका अन्य पार्टीका नेताहरू जनअसन्तुष्टिको राप र ताप सहन गर्न नसकेर तावाको माछा उफ्रेर भुङ्ग्रोमा पर्दा जसरी छटपटाउने छ, त्यसैगरी छटपटाउनु पर्ने निश्चित छ ।

त्यसैले चाणक्यले भनेका छन्– राजनीतिमा दूरदृष्टि चाहिन्छ, लहै लहैमा राजनीति गर्नेहरू भनेका देशका दुर्भाग्य हुन् ।लोकतन्त्रको जतिसुकै गुड्डी हाँके पनि नेपालको जनशक्ति र जनविश्वासको आधार र गुदी खोक्रो बन्दै गएको छ । यसको सम्पूर्ण जिम्मेवार वर्तमान ठूला दल र तिनका नेताहरू नै हुन् ।

हतारमा गल्ती गरेपछि फुर्सदमा पछुताउनु पर्छ । द्रूतगतिमा संविधान जारी गर्नेहरूले संविधान कार्यान्वयन गर्न सकेनन् र भन्न थालेका छन्– राष्ट्रिय सरकारको आवश्यक छ । उनीहरूका अनुसार सबै ठूला दलहरू र मधेसी मोर्चासहितको सरकार बन्यो भने त्यो राष्ट्रिय सरकार हुन्छ र संविधान कार्यान्वयन गर्न सजिलो हुनेछ, देशको अन्यौल हट्छ । अब आफूलाई फाल्ने हुन् कि भनेर डराएका प्रधानमन्त्री ओलीले भनेका छन्– मेरै नेतृत्वमा राष्ट्रिय सरकार निर्माण गरौं, म मन्त्रिमण्डल बिस्तार गर्न तैयार छु । एमालेका अरू नेताहरूले कांग्रेस र मधेसी मोर्चालाई सरकारमा सामेल हुन आह्वान गर्न थालेका छन् ।

किन यी ठूला दलहरू भन्न सक्दैनन्, हतारमा संविधान घोषणा गर्नु, संविधानमा धर्मनिरपेक्षता उल्लेख गरिनु, पूर्वराजालाई स्थान नदिइनु र मधेसी मोर्चाको सहमति नलिनु ठूलो गल्ती भयो । आखिर जनताले माग्दै नमागेको धर्मनिरपेक्षता र संघीयताले देश बिखण्डनको भीरमा पुगिसकेको छ । यो सरकार र यी ठूला दलहरूको ह्याउको बिषय होइन, बिखण्डनका स्वरहरूलाई राष्ट्रिय मूलधारमा समाहित गर्नु र एकसय छव्वीस जातको नेपालीलाई एकैसूत्रमा उन्नु । यिनीहरू जनतालाई विभाजित गरेर राजनीतिक स्वार्थ र वैदेशिक सहायता लुट्न चाहन्थे, उनीहरू अभिष्टमा त सफल भए तर मुलुक बर्बादीको तारे भिरमा पुग्यो । छिटै राजनीतिक भूलसुधार हुनसकेन भने अब नेपालको पहिचान मटियामेट हुनसक्ने खतरा छ ।

नेपालको संविधान नेपालको सार्वभौमिकता र स्वाधीनताको प्रत्याभूतिका साथ घोषणा गरिएको दावी गर्ने नेताहरूले न देशलाई दुरूस्त राख्नसके, न जनताको विश्वास आर्जन गर्न नै । असोज ३ गते जारी भएको संविधान ६ महिना भइसक्दा पनि जनताले अपनत्व ग्रहण गरेनन् । असरल्ल छ संविधान । संविधान कार्यान्वयन नै हुन सकेन । नाकावन्दी सहज भएको २ दिन मधेसका राज्यसञ्जालहरू खुलेका थिए, फेरि बन्द गरिएका छन् । मधेसी मोर्चाले अन्तिम आन्दोलनका लागि हिमाल, पहाड, तराईका आदिवासी, मधेसी, महिला, सिमान्तकृत विभेदमा पारिएका जनतालाई आह्वान गरेका छन् । लाग्छ, मधेसमा जनबिस्फोट हुँदा यसपटक राजधानीमा पनि जनबिस्फोट हुनेछ । राजधानीबासी पनि सुरक्षा, कर्मचारी प्रशासन, नेताहरूको कालोबजारीया नीतिबाट आक्रोसित भएका छन् ।

अर्थात संविधान जारी हुँदा नेपाल र नेपालीले कुनै पटाखा फोडेर आदिसबाजी गरेनन् । कसैले खुशी मनाएको पनि देखिएन । सत्तारूढ दलहरू र भेटिकन सिटीका पोप मज्जाले हाँसे, खुशी मनाए, भोज खाए । जसका लागि संविधान जारी भएको हो, ती जनता आज पनि संविधान र संवैधानिक शक्तिबाट प्रताडित भइरहेका छन् । इन्धनको कालोबजार र महगीको मार, त्यसमाथि बेरोजगारीको पीडाबाट पीडित छन् । पहुँचवालाहरू भ्रष्टाचार र कमिशनतन्त्र चलाइरहेका छन् । सबै मार जनताको थाप्लामा बज्रिरहेकै छ ।

संविधान जारी भएर विश्वास बढेन । जातीय बिबाद बढेका छन् । नेपाली नेपालीवीच विश्वासको संकट बढ्यो, जातीय दङ्गा हुनथालेको छ । यो यक्ष प्रश्न हो लोकतन्त्रका सारथी र महारथीहरूका सामु । देशको संविधान, जनताको रायसुझाव संकलन गरेपछि घोषणा भएको संविधान, आज पुराणजसरी प्रचार गर्नुपरेको छ । सबै जातजाति र भाषाभेगको अधिकार सुरक्षित छ भनेर ढोल पिट्नु, नगारा बजाएर हल्ला गर्नुपरेको छ । लोकतान्त्रिक पद्धति र संविधानको बेहाल छ । संविधानले जनतालाई संवोधन गर्न सकेन ।

१० वर्षको जनयुद्धलाई शान्ति, स्थिरता र विकासमा रूपान्तरण गर्न सकेन संविधानले । बेपत्ताका परिवारजन श्वास देउ कि लास देउ भनिरहेका छन् । मेलमिलाप आयोग कानुन नभएर बोर्ड झुण्ड्याएर बसेको छ । न्याय चाहियो भन्नेहरू चिच्याइरहेका छन् । अदालतका फैसलाहरू सरकार लागू गर्न सक्दैन । कस्तो आश्चर्य ? संविधान त जारी भयो तर संविधानले जनता जनतावीच बिबाद पो बढायो । संविधानले बिभेदको अन्त गर्ने हैसियत पनि राखेन । संविधान घोषणा भयो, कागजको खोस्टो बनेर रह्यो । अन्तर्राष्ट्रिय अनुसन्धानबाट समेत नेपाल भ्रष्टाचारी मुलुक बनेको छ । परिवर्तनका नायक जो थिए, आज पनि सत्तामा तिनै छन्, तिनीहरूले नै भ्रष्टाचारमय नेपालको जिम्मेवारी लिनुपर्छ । जनताले बुझेका छन्, जनताले देखेका छन्, नेता भ्रष्ट छन्, राजनीतिकरणले देशलाई भ्रष्टाचारमय बनाएको छ । जुन दिन जनता जाग्नेछन्, त्यसदिन नेताहरूको दोहोलो काढिने निश्चित छ ।

राजतन्त्र किनारा लगाएर आएको लोकतन्त्रमा नेताहरू नयाँ राजा बनेका छन् ।निरंकूशताविरूद्धको आन्दोलनको सफलताबाट आएको लोकतन्त्र नयाँ सामन्तीप्रथा बन्नपुगेको छ ।

राजनीति सामन्ती बन्दा जातीय, भेग र क्षेत्रीय स्तरमा असन्तुष्टि चुलिएको छ । विप्लव र सीके राउतले फौजी संगठन बनाएका छन् । विप्लवले त जनसरकार गठन गरेकोमात्र होइन, सफाया अभियानसमेत चलाइसक्यो । अर्थात स्थिरता आउन नसक्दा बम र बारूद थुपार्ने काम भइरहेको छ । यिनको बन्दूक र बम पड्किन थालेपछि मुलुकको स्थित के होला ?त्यसै पनि अस्तव्यस्त जनजीवन हाहाकारमा छ, त्रासदी फैलिएपछि मर्नु न बाँच्नुको वातावरण बन्नेछ । संविधान उत्कृष्ट भन्नेहरूले प्रमाणित गर्न सकेनन् । लोकतन्त्र भन्नेहरूले लोकतन्त्रको बेइजत गर्न छाडेनन् ।




जनताको सुझाव र समर्थनविपरित संविधानमा धर्मनिरपेक्षता उल्लेख गरियो । धर्मनिरपेक्ष हुनैपर्छ भनेर घूसपैठ भयो, असोज ३ को संविधान घोषणा र माघ ९ को संशोधनले भेटिकन र पश्चिमा पो खुशी भए । मधेसी मोर्चा, न बिमति राख्ने राजनीतिक शक्तिहरूले संविधान स्वीकार गर्न सकेनन् । जनता खुशी पार्न र बिधिको शासन पद्धति बसाल्न संविधान आएजस्तो छैन । कतै नेपाललाई अस्थिर, अराजक र अव्यवस्थित पारिरहने देशी विदेशी षडयन्त्र नेपालमाथि लादिएको त होइन ? शंका गर्न सकिन्छ, शंका गर्ने प्रशस्त आधारहरू छन् ।

जनताप्रति प्रतिवद्ध नेतृत्वको विकास हुनसकेन । जनयुद्ध, जनआन्दोलनबाट नेतृत्व विकसित भएको भए यस्तो बेहाल हुनेथिएन मुलुक । नेतृत्व तैयार भएकै रहेनछ । देशको नेतृत्वले देश हेर्छ, जनताको अपेक्षा बुझ्छ र जनादेशको राजमार्गमा चल्छ । हाम्रा नेताहरू तिल्के मारवाडी भन्दा फरक छैनन्, उनीहरू लाभहानी बढी हेर्छन् अनि लाभकारी लाइनमा आफूलाई रत्याउँछन् । मानौं हाम्रा नेताहरूमा दृष्टिदोष छ, रतन्धो छन् शायद । जो रतन्धो छ, उसले देशलाई के उज्यालो दिन्छ, कसरी दिन्छ ?

हाम्रा नेताहरू भनेका स्वार्थका पुलिन्दा हुन् । स्वार्थ शिद्ध हुन्छ भने नेताहरू जतिसुकै गिर्न तैयार छन् । यिनमा न नीति, न नैतिकता नै बाँकी छ । हाम्रा नेताहरूको यही स्वार्थी कमजोरीमा पश्चिमा शक्तिले खेल्यो र नेपालको संविधान जारी हुँदा नेपालीले खुशी हुन पाएनन् । संविधान जारी भएपछि ६२ जना नागरिकको हत्या भइसक्यो । पोलिसीले चलेन लोकतन्त्र, पुलिसतन्त्रमा रत्तिए नेताहरू । न नेतृत्वको विकास भयो, न देशले विकासको गति नै पायो । जनताको ढाडमा कुल्चेर यी नेताहरूले कहिलेसम्म सिण्डिकेटतन्त्र चलाइरहने होला ?

घुम्दैफिर्दै रूम्जाटार भनेझैं प्रश्न उही छ– हिन्दूराष्ट्र कायम गर्ने कि महाभारतको युद्ध निम्त्याएर समाप्त हुने ?

# रेलमार्ग विस्तार गर्न व्यवसायीको माग

वीरगन्ज/ प्रधानमन्त्री केपी शर्मा ओलीको आउँदो भारत भ्रमणका वेला दुई मुलुकबीचको व्यापार सहज बनाउन पूर्वाधार निर्माणलाई विशेष महत्व दिनुपर्ने सुझाव वीरगन्जका उद्योगी व्यवसायीले दिएका छन् ।

उद्योगी व्यवसायीले औद्योगिक कच्चा पदार्थको आपूर्ति र अत्यावश्यकीय उपभोग्य मालसामान ढुवानीका लागि रेलमार्ग उपयुक्त विकल्प रहेकाले नेपालमा पनि रेलवे लाइन विस्तारका लागि भारतसँग छलफल गर्न माग गरेका छन् ।

झन्डै ६ महिनादेखिको लामो बन्द हडताल र नाकाबन्दीका कारण सडकमार्ग हुँदै भारत र तेस्रो मुलुकबाट सीमा नाकासम्म आइपुगेका मालबाहक गाडी गन्तव्यसम्म जान नपाएपछि पछिल्लो समय व्यवसायीले रेलमार्गलाई बढी सदुपयोग गर्न थालेकाले यसको आवश्यकता बढेको उद्योगी व्यवसायीको भनाइ छ ।

बन्दका वेला आयातीत सामान बोकेर भारतको कोलकाता बन्दरगाहबाट आउने कन्टेनर मालबाहक रेलमार्फत आउन थालेपछि वीरगन्जस्थित सुक्खा बन्दरगाहमा अत्यधिक चाप बढेको थियो । वीरगन्जस्थित सुक्खा बन्दरगाह भारतीय रेलमार्ग सञ्जालसँग जोडिएको नेपालको एकमात्र बन्दरगाह हो ।

उद्योग वाणिज्य महासंघ, वाणिज्य तथा आपूर्ति समितिका संयोजकसमेत रहेका उद्योगपति विजय सराबगीले बन्दहडताल र नाकाबन्दीका कारण सडकमार्गबाट ढुवानी अवरूद्ध हुन थालेपछि पछिल्लो समय आयातकर्ताले रेलमार्गमार्फत कन्टेनर मगाउन थालेको बताए । मुलुकको आर्थिक रूपान्तरणका लागि रेलमार्गको आवश्यकता रहेको उनको भनाइ छ ।


## दूरसञ्चार सेवाको प्रयोग सम्बन्धमा बुझिराख्नु पर्ने केही कुराहरू

- **आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरु मा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।**
- **अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।**
- **कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।**
- **तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड** Seal Open **भएको,** Balance **कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनु होस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनु होस् ।**
- **दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।**

## नेपाल दूरसंचार प्राधिकरण

**कमलादी, काठमाडौं, नेपाल**
**फोनः ४२५५४७४, फ्याक्सः४२५५२५०,पो.ब.नं.: ९७५४**
**ई-मेलः** ntra@nta.gov.np **वेभसाइटः** www.nta.gov.np

# मधेस आन्दोलन अब कुन दिशातिर

***रामनरेश राय***

मधेस आन्दोलन आठ महिनामा प्रवेश गरेको छ । यस आन्दोलनमा ५० भन्दा बढीले ज्यान गुमाएका छन् । हजारौं घाइते भएका छन् । अर्बौंको क्षति भएको छ । तर, यो आन्दोलनले उठाएका समस्याको सम्बोधन गर्न राज्य र प्रमुख दलहरु जसरी लाग्नु पर्ने थियो, त्यसो हुन सकेको छैन । कांग्रेस, एमाले र एमाओवादीमा देखिएको अहं र मधेसप्रतिको नकारात्मक दृष्टिकोणले समस्या सम्बोधन हुनेभन्दा पनि जटिलतातिर मोडिएको छ । एक सय ३९ दिनपछि नाकामा जारी धर्ना कार्यक्रम फिर्ता गरिएको छ । मोर्चाले लामो छलफल र बहसपछि आमहडताल र सरकारी कार्यालय बन्द गर्ने निर्णय पनि फिर्ता गर्ने निर्णय गऱ्यो । यसबाट कतिले मोर्चा पराजित भएको हो कि भनेर आशंका गरेका हुन सक्छ । कसैले जितको अहंकार देखाएका पनि हुन सक्छ । तर, मधेस आन्दोलन निरन्तर रहन्छ र त्यसले निष्कर्ष निकाल्छ ।

नाकामा धर्ना र आमहड्ताल फिर्ता भएकोमा मधेसमा आन्दोलनरत नेता कार्यकर्ता र जनता भ्रममा पर्न आवश्यक छैन । अहिले अधिकारको लडाइँको स्वरूप परिवर्तन भएको हो । एक सय ३९ दिनसम्म हामीले नाकाबन्दी, आमहडताल र सरकारी कार्यालय बन्द गराउने अभियान चलायौं । त्यसले मधेस मात्र नभई देशभरि नै अलग्गै प्रकृतिको तरंग ल्यायो । त्यसबाट कति परिणाम वा लाभ प्राप्त भयो भन्ने हिसाबकिताब भविष्यमा हुन्छ नै । तर, आन्दोलनको मोर्चामा कहिले छिटो परिणाम प्राप्त हुन्छ त कहिले समय लाग्छ ।

यसपटक मधेस आन्दोलनको परिणाम उति छिटो नआएकाले आन्दोलनको स्वरूप परिवर्तन भएको हो, स्थगित भएको होइन । अहिले पनि हामीले आन्दोलनका केही कार्यक्रम दिएका छौं । वार्ताको मोर्चामा हामी सहभागी हुँदै आएका छौं । देश दुनियाँले भनिरहेको थियो कि, मधेस आन्दोलनले उठाएका एजेन्डाको राजनीति, वार्ता, संवादमार्फत समाधान खोजिनुपर्छ । त्यसकारण हामी एक कदम अगाडि बढेर राज्य वार्ताबाट समस्या सम्बोधन गर्न कति जिम्मेवार रहेछ भन्ने हेर्न पनि अहिले आन्दोलनका केही कार्यक्रम स्थगित भएको हो । अब १५ कात्तिकमा सरकारी पक्षलाई बुझाएको ११ बुँदे माग सम्बोधन गर्न सरकार अर्थात् मूलतः तीन दल कति जिम्मेवार भएर आउँछन् भन्ने हेर्नु छ । अहिलेसम्म उनीहरूको बोली र व्यवहारमा भिन्नता मात्रै देखिएको छ । जिम्मेवारीपन देखिएको छैन । उनीहरूको यही रवैयाका कारण जनताले दुःख पाइरहेका छन् । आन्दोलन रहरभन्दा बाध्यताको उपज बढी हो, जुन तीन दलले पनि बुझेका छन् । तैपनि, राजनीतिक माग सम्बोधन गर्न उनीहरु किन ढिलाइ गरिरहेका छन् भन्ने प्रश्न गम्भीर छ ।



अहिलेसम्म आन्दोलन मधेसकेन्द्रित मात्रै भयो । अर्थात् मधेसलाई आधार बनाएर गठन भएका दलहरूको नेतृत्वमा आन्दोलन चल्यो । यतिले मात्रै पुग्ने अवस्था देखिएन । त्यसैले यो आन्दोलनलाई विस्तारित रूप दिन मधेसदेखि हिमालसम्मका जनतालाई आन्दोलित गराउने तयारी भइरहेको छ । त्यसका लागि विभिन्न समुदाय र संघसंगठनहरूसँग कार्यगत एकता गर्ने पक्षमा मोर्चा रहेको छ । पश्चिम नेपालका थारु समुदाय, पूर्वी नेपालका लिम्बू, पहाडका राई, तामाङ, गुरुङ, नेवारलगायतका समुदायलाई आन्दोलनमा सहभागी गराउने अभियान छ । कतिपय पार्टीहरु मोर्चामा आबद्ध हुन सक्छन् । राजनीतिक एजेन्डा मिल्ने संघसंगठनसँग कार्यगत एकता गर्ने पक्ष्मा मोर्चा रहेको छ । त्यसैअनुसार शरतसिंह भण्डारी, अनिल झा र राजकिशोर यादवले नेतृत्व गरेका पार्टीहरु मोर्चामा समाहित भए । अन्यसँग कार्यगत एकता हुन सक्छ । मोर्चाभन्दा बाहिर रहेको संघीय गठबन्धन पनि छ । यसमा जनजाति नेताहरूले नेतृत्व गरेका पार्टीहरु समाहित छन् । पश्चिम नेपालका थारुहरूको पार्टी पनि संलग्न छ । कतिपय संसद्मा रहेका दलहरु पनि छन् र कतिपय संसद्मा नरहेका दलहरु पनि छन् । यो गठबन्धनमा कतिपय दल र संघसंगठनहरु आबद्ध हुन सक्छन् । मोर्चा र गठबन्धनमा आबद्ध हुन नसकेका, तर एजेन्डा मिल्नेसँग अर्को तरिकाबाट कार्यगत एकता हुन सक्छ । अहिले हामी त्यही प्रयास र अभियानमा छौं । यो पनि आन्दोलनको तयारीको एउटा चरण हो ।

मधेस आन्दोलन अधिकारको लडाइँ हो । सदियौंदेखि विभेदमा परेको क्षेत्र र समुदायको अधिकारप्राप्तिको लडाइँमा केही दुःख अवश्य भोग्नुपर्छ । उत्पीडन र विभेद हिमाल र पहाडमा पनि छ । त्यसकारणले विभेद र उत्पीडनविरूद्धको यो लडाइँमा त्यहाँका जनताले पनि केही दुःख त भोग्नैपर्छ । त्यसो त समस्या मधेसमा झन् धेरै छ । शिक्षा, स्वास्थ्यमा गम्भीर असर परेको छ, । आर्थिक गतिविधि ठप्पप्रायः भएको छ । यसले देशलाई नकारात्मक असर त पार्छ, तर आन्दोलन टुंगिएपछि विकासले एउटा गति लिन्छ, जसले यसलाई पुरताल गर्छ । त्यसैकारण अहिले हामीले सबै विषय सन्दर्भ र आन्दोलनमा सहिद भएका, घाइते भएकाहरूको रेकर्ड राखिरहेका छौं । प्रदेश निर्माणपछि ती सबैलाई प्राथमिकतामा राखेर सम्बोधन गर्ने प्रयास गर्नेछौं । र, यो प्याकेजमा नै सम्बोधन गर्ने प्रयत्न हुनेछ ।

सरकार र तीन दलले भनिरहेका छन् कि, अहिलेको संविधान समावेशी छ, समानुपातिक छ । र, उत्कृष्ट संविधानले सबै उत्पीडित जाति, समुदाय र क्षेत्रलाई सम्बोधन गरेको छ । त्यो भए १७ दिनमै किन संशोधनको प्रक्रिया अगाडि बढाउनुपऱ्यो त ? स्वाभाविक रूपमा प्रश्न उठ्छ । किनभने संविधानमा समस्या छ । सबैले अपनत्व महसुस गर्ने गरी संविधान बनेन । वास्तवमा आन्दोलन पृथक रूपमा अगाडि जान पनि सक्थ्यो । राष्ट्रिय एकता र अखण्डताविरूद्ध हुन सक्थ्यो । तर, मोर्चाले नेतृत्व गरेको आन्दोलनले वास्तवमा राष्ट्रिय एकता बलियो बनाउने काम गरेको छ । आन्दोलनमा कसैले पनि पृथकताको कुरा उठाएनन् । यही देशभित्र यही संविधानभित्र आफ्नो भावना समेट्न खोजेका छन् । स्वामित्व खोजेका छन् । त्यसकारणले यो राष्ट्रियता बलियो बनाउने राष्ट्रियताको आन्दोलन पनि हो । स्वाभिमानको आन्दोलन हो । र, यसरी नै अगाडि बढ्छ पनि ।

खासमा तीन दलका नेताहरु मोर्चासँगको वार्तालाई गम्भीरतापूर्वक लिंदैनन् । उनीहरु समस्या सम्बोधन गर्नेभन्दा पनि लम्ब्याउने रणनीतिमा छन् । उच्चस्तरीय राजनीतिक संयन्त्रमार्फत प्रदेशको सीमाँकन विवाद टुंगो लगाउने भनिरहेका छन् । यसमा मोर्चाले पनि सहमति जनाएको छ । तर, त्यसको कार्यक्षेत्र तय गर्न उनीहरु नै समस्या मानिरहेका छन् । अहिले पनि कार्यदलमा जहाँ कुरा अड्किएको हो, त्यहींबाट वार्ता सुरु गर्ने भनेका हुन् । तर, त्यसमा पनि गम्भीरता देखाइएको छैन । यसरी हेर्दा वार्ता के हुन्छ भन्ने प्रश्नको ठोस जवाफ दिन सक्ने अवस्था छैन । बोलीमा नेताहरु माग सम्बोधन गर्न तयार देखिन्छन्, तर व्यवहारमा त्यस्तो देखिँदैन । त्यसैले समस्या समधान गर्न प्रमुख दलमा कथनी र करणीमा एकरूपता आवश्यक छ । त्यसो भए वार्ता सहजै निष्कर्षमा पुग्छ ।




# अब कस्तो हुन्छ कांग्रेस ?

– *सूर्य थापा*

नेपाली कांग्रेसका सभापति, पूर्वप्रधानमन्त्री र कोइराला परिवारको बिरासतलाई थाम्दै आउनुभएका सुशील कोइरालाको १३औँ राष्ट्रिय महाधिवेशनको संघारमा निधन भयो । यसले राष्ट्रिय राजनीतिका साथै नेपालका तमाम राजनीतिक पार्टीहरूको संस्थागत विकास र स्वयं कांग्रेसको विकास प्रक्रियामा ज्यादै ठूलो क्षति पुगेको छ । कांग्रेसको समग्र इतिहासमा कोइराला नीति, सिद्धान्त र संगठनका हिसाबले विशेष परिचय र पहिचान बोकेको उल्लेख्य पात्र त हुनुहुन्थेन । तर, पृष्ठभूमि र कम चर्चामा बसेर पनि उहाँ कोइराला परिवारको बिरासतलाई राम्रोसँग थाम्न सक्रिय एक सम्मानित व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ प्रधानमन्त्री हुनुअघि मन्त्री बन्ने मोहका साथ कहिल्यै दौडमा देखिनुभएन । तथापि, गिरिजाप्रसाद कोइरालाको नेतृत्वपछि पार्टी र सरकारको नेतृत्व सम्हालेर उहाँले कांग्रेसमा कोइराला परिवारको वर्चस्व र भूमिका स्थापित गर्ने काम महत्वपूर्ण ढंगले गर्नुभयो । बिपीपछि कांग्रेस र कोइराला परिवारको नेतृत्व सुशीलसम्म आइपुग्दा कांग्रेसमा कोइराला परिवारको ठूलो वर्चस्व रही आयो । भारतमा गान्धी–नेहरू परिवारको जस्तै नेपालमा पनि एउटा लोकतान्त्रिक पार्टी कांग्रेसमा कोइराला परिवारको यस्तो वर्चस्व देखिँदै आयो । यद्यपि, महेन्द्रनारायण निधि, गणेशमान सिंहजस्ता हस्तीहरूको समेत कांग्रेसको नेतृत्वमा बेग्लै प्रभाव नरहेको होइन । प्रकाशमान सिंह र विमलेन्द्र निधि आफूभन्दा बढी आफ्ना पिताहरूले पार्टीमा गरेको योगदानका कारण नै आजको हैसियतमा पुग्नुभएको हो भन्दा अत्युक्ति नहोला । तर पनि आजसम्म पार्टीभित्र मियोका रूपमा कोइराला परिवार नै रह्यो । यसको सबुतका रूपमा कांग्रेसको सभापतिमा रामचन्द्र पौडेलसम्म आइपुग्दा कृष्णप्रसाद भट्टराई र सुवर्ण शमशेरबाहेक अरू सबै कोइराला थरका नै देख्न सकिन्छ ।

सुशील कोइरालाको निधनपछि कांग्रेसमा अबको नेतृत्व के हुन्छ भन्ने प्रश्न त्यस पार्टीको आन्तरिक राजनीतिमा मात्रै होइन, अरू राजनीतिक पार्टी र मुलुकको समग्र राजनीतिमा छलफल र बहसको विषय बनेको छ । महाधिवेशनको संघारमा सुशील र शेरबहादुर देउवाबीच प्रतिद्वन्द्विता र टक्कर संगठित हुँदै थियो । जिल्लाका सबै निर्वाचन त्यही खालको धुरीआधारित र प्रभावित थिए । तर, कोइरालाको अवसानले कोइराला परिवारको धुरी नै एक हिसाबले ढलिसकेको अनुभूति भइरहेको छ । तत्कालका लागि कोइराला परिवारभित्रैबाट त्यो धुरीको नेतृत्वमा दाबी गर्न सम्भव देखिन्न । समग्रमा भन्नुपर्दा यतिवेला कोइराला परिवार नै कांग्रेस राजनीतिमा इतिहासकै सबैभन्दा ठूलो संकटबाट गुज्रिरहेको छ । यद्यपि, नेतृत्वका लागि सुजाता कोइराला, डा. शशांक, डा.शेखर हुँदै सिद्धार्थ कोइरालासम्मका चर्चा र पंक्ति तलदेखि नै तयार नभएका होइनन् । तथापि बिपीको जस्तो टावर 'पर्सनालिटी', २००७ सालको नेतृत्व गरेको व्यक्तित्व मातृकाप्रसाद कोइरालाकै जस्तो डिक्टेटर छवि, गिरिजाप्रसाद कोइरालाको जस्तो सांगठनिक पकडको अर्को 'टावर पर्सनालिटी' अहिले विद्यमान देखिन्न । सुशीलजस्तो सादगी, विनम्र र शालीन व्यक्तित्वको इतिहास र बिरासतको पृष्ठभूमिमा अहिले कोइराला परिवारबाटै नेतृत्वको नयाँ दाबी सम्भव र मौजुद दुवै देखिन्न । यद्यपि, कांग्रेसभित्र भावनात्मक हिसाबले कोइराला परिवारको बिरासत ज्यादै उच्च, प्रभावशाली र प्रबल रहेको छ ।

संक्रमणकालीन पात्र : रामचन्द्र पौडेल

कोइराला परिवारलाई धुरी बनाएर क्रियाशील कांग्रेसका नेता–कार्यकर्ता शेरबहादुर देउवाको धुरीमा सामेल भएर अघि बढ्न सम्भव स्थिति देखिँदैन । देउवाको आफ्नै व्यवहार, शैली र भूमिकासहितको राजनीतिक शीर्ष हैसियत छ । तर, कोइराला परिवारको राजनीतिक नेतृत्व र वर्चस्वलाई बोक्ने देउवा उपयुक्त पात्र बन्ने स्थिति देखिँदैन । त्यति मात्र होइन, उहाँ सर्वसम्मत रूपमा नेतृत्वमा आउने स्थितिसमेत देखिँदैन । यस्तो अवस्थामा रामचन्द्र पौडेल संक्रमणकालीन नेतृत्वका रूपमा कोइराला परिवारको समर्थन र बलमा त्यस धुरीको नेतृत्वकर्ताका रूपमा अगाडि आउने या ल्याइनसक्ने सम्भावना प्रबल बन्दै गएको छ । यद्यपि, पौडेलका आफ्नै सीमा छन्, सांगठनिक कौशल, वर्चस्व, देशैभरि आफ्नै बलबुतामा बनाइएका नेता–कार्यकर्ताको पंक्ति उहाँको साथमा रहेको पाइँदैन । तर, पार्टीभित्र एउटा अध्ययनशील, सुपठित, लामो इतिहास बोकेको र जिम्मेवारी बहनका हिसाबले पार्टीसभापति र प्रधानमन्त्रीदेखि तलका सबै पद सफलतापूर्वक सम्हालिसकेको हैसियतबाट पौडेल कार्यबाहक सभापतिसमेत बनिसक्नुभएको छ । पौडेलमाथि कहिलेकाहीं असाध्यै सानो चित्त (संकीर्ण चिन्तन र व्यवहार भएको) आरोप नलाग्ने होइन । उहाँले कहिलेकाहीं त्यस्तो रवैया स्वयं पनि प्रदर्शन गर्नुहुन्छ । तर, कांग्रेसभित्र नेतृत्वको चर्चा हुने एक–दुईजना शीर्ष व्यक्तित्वभित्र अब अवश्यमेव उहाँ हुनुहुन्छ । स्वास्थ्य अवस्था, जिम्मेवारीको परीक्षणदेखि हरेक हिसाबले पौडेल नेतृत्वको त्यसप्रकारको दाबेदार हुनुहुन्छ । सुशीलको अवसानपछि कोइराला परिवारको नेतृत्वको संक्रमणकालीन बिसौनी उहाँ नै बन्नसक्ने सम्भावना बढी सम्भव देखिन्छ । बिपीको सिद्धान्त, आदर्श र व्यवहारलाई बोकेर हिंड्न सक्ने, सैद्धान्तिक, वैचारिक व्याख्या र विवेचना गर्न सक्ने तथा कम्युनिस्टविरोधी खेमाको प्रतिनिधि पात्रका रूपमा पनि उभिन सक्ने एउटा व्यक्ति र पात्र उहाँ देखिनुहुन्छ ।

अहिले कांग्रेसभित्र कम्युनिस्टसँग सहकार्यभन्दा पनि प्रतिस्पर्धा गर्न सक्ने नेतृत्वको खोजी तल–तलका निर्वाचनबाट भएको अनुभूति धेरैलाई हुने गरेको छ । देशमा कम्युनिस्ट पार्टीसँग कांग्रेसले सहकार्य गरेका कारण ठुल्ठूला परिवर्तन सम्भव भएका छन् । दुई शक्ति मिल्दा राजतन्त्रपछि गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिताजस्ता सबै उपलब्धि हासिल भएको अवस्था छ । तर, प्रस्ट रूपमै यी उपलब्धिलाई धेरै भयो भन्ने खुमबहादुर खड्काको असन्तुष्ट खेमा र यी उपलब्धिलाई सकेसम्म उल्ट्याउन खोज्ने अनेक प्रवृत्ति कांग्रेसमा छन् । ती सबैको प्रतिनिधि पात्रका रूपमा पनि रामचन्द्र पौडेलले नेतृत्व र भूमिका निर्वाह गर्ने सम्भावना देखिन्छ ।

कोइराला परिवारले लामो समयदेखि कांग्रेसको उच्च नेतृत्वमा जुन खालको भूमिका निर्वाह गरेको छ, त्यस हैसियत र नेतृत्वका लागि भविष्यका आकांक्षी डा. शशांक कोइरालालगायतले पौडेललाई आफ्नो 'सेफ्टी भल्ब'का रूपमा लिने र सिंगार्ने सम्भावना पनि उत्तिकै देखिन्छ । यद्यपि, पौडेल आफैं सुशीलपछि कार्यबाहक सभापति बन्नुभएकाले उहाँलाई केही सहज र अनुकूलता अवश्य छ । अर्कातिर राष्ट्रिय–अन्तर्राष्ट्रिय रूपमा भारत–अमेरिकी खेमाले पौडेललभन्दा बढी शेरबहादुर देउवालाई आफ्नो निकट हितैसी ठान्दै विशेष व्यवहार गरेको पाइन्छ । अन्तर्राष्ट्रिय पक्ष मात्रै एउटा राजनीतिक दलको नेतृत्व निर्माण र चयनमा निर्णायक हुन सक्दैन र नहोला ।

शेरबहादुर देउवा जतिपटक पनि आफैं प्रधानमन्त्री हुन चाहने, तर पटक–पटक प्रयास गर्दा पनि पार्टीसभापति नभएको स्थिति हुनाले यसपटक आफैं सभापति भइछाड्ने हिसाबले दाबेदारीका साथ प्रस्तुत हुनुभएको अनुमान गर्न सकिन्छ । तर, आफूले सरकारको नेतृत्व गर्दा संसद् विघटन गरेर र पार्टी फुटाएर सिंगो लोकतान्त्रिक संरचनासहितको प्रणालीलाई नै धोका दिएको र दरबारलाई सजिलो पारेको भूमिका, अबगाल र दोषको दुष्प्रभावका कारण अहिलेको यस महाधिवेशनमा पनि देउवालाई प्रमुख नेतृत्वमा ल्याउने कि नल्याउने भन्ने सन्दर्भमा ठूलो प्रश्नचिह्न प्रतिनिधिमा विद्यमान देखिन्छ ।



नेपाली राजनीति अझै संक्रमणमै रहेकाले संविधान कार्यान्वयनको काम निकै चुनौतीपूर्ण रहेको छ । शेरबहादुर देउवा नेतृत्वमा आउँदा नेपालको लोकतान्त्रिक प्रणालीलाई उहाँका पदीय आकांक्षासँग सौदाबाजी गरिने हो कि भन्ने आशंका सँगसँगै उठिरहेको छ । खासगरी सेना, अन्तर्राष्ट्रिय शक्ति, देशभित्रै पनि सम्झौता गर्नुपर्ने अनेक प्रश्नमा उहाँ पौडेलको तुलनामा नीति, व्यवहार र निष्ठामा अडिनेभन्दा पनि बढी आफ्नो व्यक्तिगत हित र स्वार्थकेन्द्रित देखिनुहुन्छ । पौडेलका स्वार्थ र दायरा ज्यादै साँघुरा छन्, बढीमा एकपटक प्रधानमन्त्री हुने उहाँको चाहना र आकांक्षा नाजायज नमानिएला । तर, देउवाको स्वार्थका दायरा र सम्बन्ध धेरै फराकिला र कतिपय सन्दर्भमा त निकै डरलाग्दा र घातक पनि छन् । यस्ता धेरै प्रश्नैप्रश्नले देउवासँग जवाफ खोजिरहेका छन् । ती कारणले पनि उहाँ कांग्रेसको मुख्य नेतृत्वमा आउने स्थिति होला–नहोला भन्ने प्रश्न पुनः खडा हुने स्थिति छ । उहाँ आफैंमा एउटा अविश्वसनीय नेतृत्व पात्र नै हो ।

महाधिवेशनको सम्मुखमा अन्तरपार्टी खेमामा सामान्य अदलबदल हुन सक्ने भए तापनि सुशील कोइराला अघि र पछिको आजको कांग्रेसमा कोइराला परिवारको जुन खालको हैसियत र वर्चस्व रहँदै आएको थियो, त्यसमा ठूलो बदलाव नआएकाले त्यसको नेतृत्वको प्रतिनिधि पात्र खोजी भइरहेको मात्रै स्थिति छ । त्यसकारण ज्यादै ठूलो टक्करबाट मात्रै महाधिवेशनबाट नयाँ नेतृत्व निर्वाचित हुने स्थिति अहिले देखिएको छ । पौडेल र देउवाबीच निर्वाचन हुँदा सुशील र देउवाबीचको ६०/४० को शक्ति बाँडफाँड र निर्वाचनमा प्रतिस्पर्धाको जस्तो स्थिति हाल देखिँदैन । सिंगो कोइराला परिवारले पौडेललाई बुद्धिमतापूर्ण ढंगले प्रतिस्पर्धाको मैदानमा प्रस्तुत गर्‍यो भने पनि अहिले ५२/४८ को हाराहारी प्रतिस्पर्धाबाट असाध्यै झिनो मतले नेतृत्वको फैसला हुने स्थिति बन्दै गएको अनुभूति हुन्छ । यो सन्दर्भ र अवस्थालाई हेर्दा अलिक बढी नीति, सिद्धान्त र आजको नेपाललाई अघि बढाउने सन्दर्भसँग भन्दा पनि व्यक्तित्वको टकरावमै कांग्रेस महाधिवेशनको समग्र प्रक्रिया रूमल्लिएको वा अघि बढेको पाइन्छ । यसबाट कांग्रेस नेतृत्व निर्माणमा समृद्ध नेपाल निर्माणको नयाँ कार्यसूचीका साथ प्रस्तुत हुन सक्ने सम्भावना खारेजजस्तै भएको छ । त्यसो गर्दा वा गर्नसक्दा व्यक्तिगत टकराव अत्यन्त कम हुन्थ्यो । अहिले त्यो स्थिति ज्यादै न्यून र कमजोर भएको छ ।

सुशील कोइराला, शेरबहादुर देउवा, रामचन्द्र पौडेल नै युवा नेता मानिने पार्टी कांग्रेसले युवालाई नेतृत्वमा स्थापित गरेर अघि बढाउने, समृद्ध नेपाल निर्माण गर्ने, परिवर्तनका उपलब्धिलाई संस्थागत गर्ने, आफैं सामेल भएर निर्माण भएको संविधान कार्यान्वयन गर्न देखिएका द्विविधा र भुल सच्याएर स्पष्ट बाटो अंगीकार गर्ने दिशामा अघि बढ्न ध्यान केन्द्रित गर्नुपर्छ । यसरी अघि बढ्दा मात्रै कांग्रेस देशको एउटा मुख्य शक्तिकै रूपमा अघि बढ्न सक्छ । तर, ६० प्रतिशत हाराहारीको वामपन्थी जनमत कांग्रेसका लागि ठूलो चुनौतीका रूपमा रहेको छ । सामान्य हिसाबमा भन्नुपर्दा, बिपीका पालामा घिउ खाएको अनुभवका आधारमा आजको पुस्ताले चिल्लो ओठ खोज्ने र चाट्न खोज्ने तरिकाको रवैयाले कांग्रेस नेतृत्वले आजको राष्ट्रिय चुनौती सामना गर्न सक्दैन । एउटा परिवारको नेतृत्व र बिरासतले मात्रै कांग्रेस चल्न सक्दैन । एउटा आधुनिक लोकतान्त्रिक पार्टीका रूपमा विकसित भएर मुलुकलाई समृद्धिको दिशामा लैजाने शक्तिका रूपमा अघि बढ्दा मात्रै कांग्रेसले आज अपेक्षित भूमिका निर्वाह गर्न सक्छ । आफूबाहेक अरूलाई कहिल्यै समर्थन गर्न नसक्ने वा नचाहने कांग्रेसले विगतका आफ्ना गलत र दाउपेचपूर्ण नीतिको निर्मम समीक्षा गरेर अरुको हैसियतलाई पनि लोकतान्त्रिक मर्यादाअनुकूल स्वीकार गरेर व्यवहार गर्ने हैसियत र विश्वसनीयता निर्माण गर्‍यो भने मात्रै यसले आफ्नो स्थान सुरक्षित गर्न सक्छ ।

बाधक विधि, पद्धति र युवा

कांग्रेसमा युवा नेतृत्वका विषयमा जुन खालका चर्चा चलिरहेका छन्, ती प्रायः युवा होइनन्, प्रौढ नेतृत्व मात्रै रहेका छन् । खासगरी ४० वर्षमाथिका व्यक्तिको नेतृत्वमा स्थान र भूमिकाबारे मात्रै कुरा भइरहेका छन् । त्यसभन्दा मुनिको युवापंक्तिलाई कांग्रेसको केन्द्रीय समितिमा ल्याउने विषयमा कुनैखाले बहस–छलफल भएको पाइँदैन । प्रौढ नेतृत्वले युवा नेतृत्वका रूपमा आफूलाई प्रस्तुत गर्नु नै आफ्नो हैसियत र क्षमता आँकलन गरेर नेतृत्वको दाबेदारी प्रस्तुत गर्न नसक्नु हो । त्यति मात्र होइन, पार्टी देश चलाउने ल्याकत प्रस्तुत गर्न नसक्नु नै हो । कांग्रेसमा केही आशालाग्दा प्रौढ साथीहरु अवश्य हुनुहुन्छ । पाका नेताभन्दा उहाँहरु केही बढी घुलनशील पनि हुनुहुन्छ नै । तर, उहाँहरूको सम्बन्ध र व्यवहार अझै परीक्षाकै घडीमा रहेका छन् । गिरिजाप्रसाद र सुशील कोइराला सभापति हुँदाहुँदै बित्नुभयो । अब आउने सभापति पनि पदमा रहँदै बित्ने खालको विधि–प्रक्रिया र परम्पराबाट कांग्रेस गुज्रियो भने त्यसमा केही प्रौढ व्यक्ति केही संख्यामा नेतृत्वमा अवश्य पुग्नुहोला, तर युवापुस्ताको हस्तक्षेपकारी भूमिका र निर्णायक वर्चस्व कायम हुने सम्भावना देखिँदैन ।

जस्तो कि हाम्रो पार्टी नेकपा( एमाले)ले ७० वर्षको उमेरलाई नेतृत्वबाट अवकाश हुने वर्षका रूपमा र मूल नेतृत्वमा दुई कार्यकालभन्दा बढी अवधि रहन नपाउनेजस्ता व्यवस्था गरेको छ । यस परिप्रेक्षमा हेर्दा कांग्रेसले देशभर एकैपटक महाधिवेशन प्रतिनिधि र जिल्लाको नेतृत्व छनोट जुन गरेको छ, त्यसलाई ऊबाहेकका अरू दलहरूले पनि ध्यान दिएर सकारात्मक रूपमा ग्रहण गर्न सक्नुपर्छ । तर, नेतृत्व निर्माणका सन्दर्भमा कांग्रेसले अपनाइरहेको विधि, मापदण्ड र सीमा मानक निर्धारणका हैसियतले अनुकरणयोग्य छैन । यो अत्यन्तै व्यक्तिगत धुरीकेन्द्रित नै देखिएकाले नीति, विधि र पद्धति आधारित हुनसकेको छैन । विधि र पद्धतिकेन्द्रित हुनसक्दा मात्रै यसले प्रतिस्पर्धाआधारित भएर नेतृत्वमा युवाको उपस्थिति र भूमिका बढाउन सक्छ । नेविसंघ र तरूण दल सञ्चालनको भद्रगोल र बेथितिपूर्ण अवस्था हेर्दा कांग्रेसको युवा नेतृत्व खासै सक्षम पनि प्रतीत हुँदैन । र, अहिले पार्टीको महाधिवेशनकेन्द्रित भईकन त्यस ढंगको सकारात्मक बहस र छलफल नै अघि बढेको नदेखिँदा स्थिति झन् ज्यादै निराशाजनक रहेको छ । यस स्थितिलाई बदल्ने काम पाको पुस्ताले गर्दैन, स्वयं प्रौढ र तरूण पुस्ताले नै गर्न अग्रसरता लिन सक्नुपछर्डं । (नयाँ पत्रिका)

# अहिंसात्मक मधेश आन्दोलन र संविधान संशोधन

*रामसुकुल मण्डल*

मानव अधिकारसम्बन्धी संस्था ह्युमन राइट्स वाचले नेपालको नयाँ संविधानले राज्यविहीनताको समस्यालाई समाधान गर्न नसक्ने जनाएको छ । सन् २०१६ को आफ्नो विश्व प्रतिवेदन सार्वजनिक गर्दै ह्युमन राइट्स वाचले यस्तो जनाएको हो ।

नेपालको दक्षिणी क्षेत्रमा भइरहेको आन्दोलनको क्रममा ५० भन्दा बढी मानिसको ज्यान गइसकेको र अतिआवश्यक वस्तु तथा औषधिको आपूर्ति रोकिएर समस्या उत्पन्न गराएको जनाउँदै वाचले ४० लाख भन्दा बढी मानिसले भोगिरहेको राज्यविहीनताको समस्यालाई नयाँ संविधानले पूर्णरूपमा सम्बोधन गर्दैन सो प्रतिवेदनमा उल्लेख गरेको छ ।

वाचले नयाँ संविधानले यो समस्यालाई थप बढाउने चिन्ता व्यक्त गरेको छ । संविधानले उत्पन्न गराउने मानवअधिकारसम्बन्धी संकट निम्त्याउने चिन्ता समेत व्यक्त गरिएको छ । साथै मानवअधिकारसम्बन्धी समस्या समाधानका लागि १० वर्षको सशस्त्र संघर्षको क्रममा भएको अपराधबारे जवाफदेही बन्न नेपालका सबै पक्षले अझ पहल गर्नुपर्ने विषय आवश्यक भएको वाचले उल्लेख गरेको छ ।

देशको आधा जनसंख्याका आवाजलाई बन्दुकको बलमा दबाएर र मधेशमा नरसंहार नै मच्चाएर भएपनि कांग्रेस–एमालेको सरकारले २०७२ असोज ३ गते संविधान जारी गरियो । जुन संविधानलाई विश्वकै उत्कृष्ट संविधानको संज्ञा पनि दिइयो । तर, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, उत्पीडित वर्गको अधिकार कटौती गरेको भन्दै आजसम्म पनि आन्दोलित छन् । आन्दोलनलाई बेवास्ता गर्दै आएपनि आन्दोलनले विश्वसमुदायमा आफ्नो पहिचान बनाउन सफल भयो ।

उत्कृष्ट संविधान हुँदा हुँदै किन संशोधनको आवश्यकता पऱ्यो यो आफैमा प्रश्न खडा गर्छ । अन्तर्राष्ट्रिय जगतको दबाबका कारण एकतर्फीरूपमा कांग्रेस, एमाले र एमाओवादी संविधान संशोधन गरी विधेयक पारित गऱ्यो । संविधानमा संशोधनअघि आन्दोलनरत् सम्पूर्ण पक्षहरूलाई सहमतिमा लिएर मात्र संशोधन प्रक्रिया अघि बढाउन अन्तर्राष्ट्रिय समुदायले दबाब दिँदै आएको थियो । चौतर्फी विरोधका बाबजुद पनि सत्तारूढ एमाले–एमाओवादी र प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले संशोधन विधेयक पारित गरेको छ । अन्तर्राष्ट्रिय समुदायले यो संशोधन अपूरो भएको निष्कर्ष निकालेको छ ।

आन्दोलनरत् पक्षहरूको विरोधलाई आन्दोलनरत् पक्षहरूको विरोधका बावजुद गरिएको संविधानमा पहिलो संशोधन देखावटी मात्र भएको राजनीतिक विश्लेषकहरूको भनाई छ । प्रमुख तीन दल कांग्रेस, एमाले र एमाओवादीले शनिबार राति संविधान संशोधन विधेयक पारित गरेको छ । आन्दोलनरत् संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका सांसदहरूले नाराबाजी गरी विरोध गर्दा पनि तीन दलको आपसी सहमतिमा संशोधन विधेयक पारित गरियो ।

मधेश आन्दोलनबारे नियालिरहेका अन्तर्राष्ट्रिय समुदायहरुले पनि मधेशीहरूको मागप्रति समर्थन जनाउँदै आएका छन् । देशको गतिरोध अन्त्यका लागि अन्तर्राष्ट्रिय समुदायले आन्दोलनरत् पक्षहरूको माग सम्बोधन गरिनुपर्ने दबाब दिँदै आएको छ । अन्तर्राष्ट्रिय समुदायले आन्दोलनरत् पक्षहरु मधेशी, आदिवासी जनजाति, दलित, थारु, मुस्लिमलगायतका भावनालाई संशोधनले सम्बोधन गर्न नसकेको संकेत गरेको हो ।

आन्दोलनरत् मधेशी मोर्चाको सहमतिबिना एकतर्फी रूपमा गरिएको संशोधनले आन्दोलन नरोकिने र राजनीतिक गतिरोध पनि कायमै रहने अन्तरार्ष्ट्रिय समुदायको निष्कर्ष छ । छिमेकी राष्ट्र भारत, चीन, अमेरिका र संयुक्त राष्ट्र संघले सबैको सहमतिमा मात्रै संशोधन प्रक्रिया अगाडि बढाउन सुझाव दिँदै आएको छ । तर, तीन दलले आ□नो हठका कारण मुलुकलाई झन् द्वन्द्वमा फसाउने कार्य गर्दै आएको छ । अघिल्लो साता नेपाल भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका राजनीतिक मामिला प्रमुख जफ्री फेल्टम्यानले मधेशी दलको भावनालाई कदर गरी संविधान संशोधन गर्न सुझाव दिएका थिए ।

करिब ६ महिनादेखि तराई–मधेशमा अधिकारका लागि आन्दोलित जनताको माग सम्बाधेन गर्न राज्यसत्ता उदासीन देखिएको आन्दोलनले अर्कै मोड लिने खतरा बढ्दै गएको विश्लेषण गरिँदैछ । मधेशी जनता नेपालमै बसेर सम्मान, पहिचान र स्वाभिमान खोजिरहेका छन् । तर, शासकहरूले मधेशीलाई करदाता र मतदाताको रूपमा प्रयोग गर्दै आएको नीतिलाई निरन्तरता दिन चाहँदा आन्दोलित मधेशी जनता अर्कै विकल्प खोज्न बाध्य हुने विभिन्न संकेतहरु देखिसकेको छ ।

**आन्दोलन नयाँ कोर्ष लिनसक्ने सम्भावना**

राजनीतिक विश्लेषकहरूले मधेश आन्दोलनका जायज मागलाई अविलम्ब सम्बोधन गरिएन भने मुलुकले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनीसमेत दिँदै आएका छन् । तर, प्रमुख भनाउँदा दलहरुका केही शीर्ष नेताहरुको स्वार्थका कारण मधेश विखण्डन हुने खतरा बढेको विश्लेषण गरिँदैछ । मधेशी मोर्चाका नेताहरूले अबको आन्दोलन आर या पारको भन्दै आइरहेका छन् । मधेश आन्दोलन असफल भए मुलुक अर्कै कोर्षमा जाने र त्यसपछि आन्दोलन मोर्चाको हातबाट निस्किने खतरा बढिरहेको मोर्चाका नेता तथा तराई मधेश सद्भावना पार्टीका अध्यक्ष महेन्द्र यादवले चेतावनी दिएका छन् । राजधानीमा मंगलबार आयोजित एक साक्षात्कार कार्यक्रममा यादवले अबको आन्दोलन पहाड र हिमालसम्म पुऱ्याएर राष्ट्रिय एकता कायम गर्ने दाबी गरेका छन् । 'मधेशी मोर्चाले चलाएको अहिंसात्मक आन्दोलन असफल भए देश अर्को कोर्षमा जाने र त्यो बेला आन्दोलन मोर्चाको हातमा नरहने' चेतावनी दिएका छन् ।

*(मधेश दर्पण फिचर सेवा)*

# बेरूजु फर्स्योटमा असफल बन्दै पूर्वका जिविस

विराटनगर । पूर्वका स्थानीय निकाय जिल्ला विकास समितिका कार्यालय बेरूजु फर्स्योटमा असफल बन्दै गएको देखिएको छ । सरकारले बेरूजु फर्स्योटलाई तीव्रता दिन निर्देशन गरे पनि पूर्वका जिविसहरूले अपेक्षाअनुसार घटाउन नसकेको बताएपछि असफल भएको देखिएका हुन् ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले हालै विराटनगरमा गरेको अर्धवार्षिक समीक्षा कार्यक्रममा पेस भएको प्रतिवेदनअनुसार पूर्वका जिविसले निर्देशनअनुसार बेरूजु फर्स्योटमा तदारूकता नदेखाएको सहभागीले बताएका हुन् ।

समीक्षा कार्यक्रममा दिइएको जानकारीअनुसार सिराहा जिविसको ४२ करोड ८८ लाख रूपैयाँ बेरूजु फर्स्योट बाँकी छ । यसैगरी, जिविस मोरङले २४ करोड र सुनसरीले १० करोड ५२ लाख रूपैयाँ बेरूजु फर्स्योट गरेका छैनन् । संखुवासभाको ७ करोड ३८ लाख, खोटाङको ६ करोड, ओखलढुंगाको १२ करोड, भोजपुरको ४ करोड ३५ लाख र सप्तरी जिविसको १५ करोड रूपैयाँबराबर बेरूजु बक्यौता छ ।

कार्यक्रममा सहभागी स्थानीय निकायका अधिकारीले राजनीतिक अस्थिरता, बन्दहडताललगायत विभिन्न कारणले बेरूजु फर्स्योट चुनौती बनिरहेको बताएका थिए ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव माधव रेग्मीले सबै स्थानीय निकायलाई पुरानो बेरूजु फर्स्योट गरी नयाँ सिर्जना नगर्न निर्देशन दिए । 'बेरूजु फर्स्योट गर्न सक्रिय भएर लाग्नुस् र पुरस्कार लिनुस्,' सचिव रेग्मीले भने ।

कार्यक्रममा मन्त्रालयको महाशाखाअर्न्तगतको आर्थिक प्रशासन शाखाका उपसचिव सुभाष शिवाकोटीले मुलुकभर स्थानीय निकायबाट कुल ९ अर्ब ८४ करोड बेरूजु फर्स्योट बाँकी रहेको जानकारी दिए । पूर्वमा कुल कति परिमाणमा बेरूजु रकम छ भन्नेबारे विवरण तयार भइनसकेको उनको भनाइ थियो । शिवाकोटीले भने, 'त्यसका लागि सबै प्रदेशका नगरपालिका र जिविसको के–कति बेरूजु छ भन्ने विश्लेषण भइरहेकाले चाँडै सार्वजनिक गर्छौं ।'

तालुकवाला निकाय स्थानीय विकास तथा संघीय मामिलासम्बन्धी मन्त्रालयले भने हालसम्म बेरूजु विवरण आधिकारिक रूपमा सार्वजनिक गरेको छैन । बेरूजु फर्स्योट नहुँदा हरेक वर्ष स्थानीय निकायमा अनियमितता बढ्न थालेसँगै महालेखा र संसद्को लेखा समितिको निर्देशनपछि सरकारले बेरूजु फर्स्योट अभियानलाई तीव्रता दिन थालेको छ ।

vnsb

## २३ वर्षपछि नेपाललाई साग फुटबलको उपाधि

नेपाली राष्ट्रिय फुटबल टोलीले १२औं साग फुटबलको उपाधि जितेको छ । भारतको गुवाहाटीमा सम्पन्न फाइनलमा नेपालले चिरप्रतिद्वन्दी भारतलाई २–१ गोलअन्तरले हरायो ।

नेपालको जितमा स्टार स्ट्राइकर नवयुग श्रेष्ठ र प्रकाश बुढाथोकीले गोल गरे । १ गोलले पछि परेको अवस्था उल्टाउँदै नेपालले भारतलाई उसैको मैदानमा माथ दियो । पहिलो हाफमा १ गोलले पछि परेको नेपालले दोस्रो हाफमा उत्कृष्ट प्रदर्शन गर्दै २ गोल गऱ्यो ।

नेपालले २३ वर्षपछि साग फुटबलको उपाधि जितेको हो । यसअघि १९८४ र १९ सय ९३ मा उपाधि जितेर स्वर्ण पदक पाएको थियो । १७ वर्षअघि १९९९ मा भने फाइनलमा पुगेर नेपाल रोकिएको थियो । त्यसवेला नेपाल वंगलादेशसँग पराजित भएको थियो । त्यसयता नेपालले क्षेत्रीय प्रतियोगितामा पहिलोपटक उपाधि जितेको हो ।

सागमा फुटबलतर्फ स्वण पदक दिलाउने क्रममा प्रकाश बुढाथोकीले ६५औं मिनेटमा फ्रिकिकमार्फत आकर्षक गोल गरे । भारतीय रक्षकले



डिबक्स बाहिर अञ्जन विष्टलाई फाउल गरेपछि नेपालले फ्रिकिक पाएको थियो । त्यसमा भारतीय गोलकिपरलाई कुनै मौका नदिई प्रकाशले बललाई जाली चुमाए । खेल बराबरीमा आएपछि थप आक्रामक बनेको पाँच मिनेटपछि ७०औं मिनेटमा नेपालले अग्रता कायम गऱ्यो । यसपटक प्रतियोगितामा दुई ह्याट्रिक गरिसकेका ह्याट्रिक ब्वाय नवयुग श्रेष्ठले गोल गरे । प्रकाशको एअर क्रसलाई एक डिफेन्स र गोलकिपरलाई जिल्याउँदै नवयुगले आकर्षक गोल गरे ।

त्यसअघि ३२औं मिनेटमा भारतले खेलमा अग्रता लिएको थियो । नेपाली डिफेन्डर आदित्य चौधरीले भारतीय खेलाडी उदान्त सिंहलाई डिबक्सभित्र फाउल गरेपछि भारतले पेनाल्टी पायो । त्यसमा कुनै गल्ती नगरी हरिचरण नाजरीले बललाई जाली चुमाए ।

पहिलो हाफमा नेपालको प्रदर्शन बिर्सनलायक थियो । सुरूदेखि नै आक्रामक देखिएको भारतले एकपछि अर्को आक्रमण गर्दा नेपाली खेलाडीलाई बल क्लियर गर्न भ्याइनभ्याइ थियो । नेपाली खेलाडीबीच कुनै तालमेल थिएन । बलमाथि नियन्त्रण कामय गर्नसमेत नसकेपछि जथाभावी हानिरहेका थिए । एक गोलले पछि परेपछि नेपाली खेलाडी थप आत्तिएका देखिन्थे । पहिलो हाफका पूरा ४५ मिनेटमा नेपालले भारतीय पोष्टमा एकपटक पनि सशक्त प्रहार गर्न सकेन । गतिलो मुभसमेत बनाउन सकेन । प्रतियोगिताभर उत्कृष्ट फर्ममा देखिएका स्टार स्ट्राइकर नवयुग, विमल घर्तीमगर, विशाल राई निक्कै फिका देखिएका थिए । तर, दोस्रो हाफको खेलमा आश्चर्यजनक रूपमा नेपालको प्रदर्शन उत्कृष्ट देखियो । दोस्रो हाफको सुरूदेखि नै आक्रामक देखिएका नेपाली खेलले एकपछि अर्को मुभ बनाए र भारतीय डिफेन्डर र गोलकिपरलाई ब्यस्त बन्न बाध्य पारे । दोस्रो हाफमा दबाबमा आएको भारत दोस्रो हाफमै दुई गोल खान बाध्य भयो ।

## बूढासुब्बा गोल्डकप फागुन अन्तिम साता

बूढासुब्बा गोल्डकपको १८औं संस्करण १५ फागुनबाट सुरू हुने भएको छ । आयोजक धरान फुटबल क्लबले आइतबार पत्रकार सम्मेलन गरी जानकारी दिएअनुसार ७ फागुनबाट हुने भनिएको प्रतियोगिता प्राविधिक कारणवश सरेको हो ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले गोल्डकपको समय तालिका नदिएको कारण पनि खेल सार्न बाध्य बनेको आयोजकले जनाएको छ । विराट गोल्डकप तोकिएको समयभन्दा झन्डै एक साता पछि सरेको कारण १८ वर्षदेखि निरन्तर चलिरहेको बूढासुब्बा गोल्पकपसमेत सर्नुपरेको अध्यक्ष किशोर राईले बताए । 'देशमै योगदान बोकेको बूढासुब्बालाई सयम तालिका माग्दासमेत तालिका दिँदैन,' अध्यक्ष राईले भने । एन्फाको क्यालेन्डरमै पर्ने गरेको बूढासुब्बा केही वर्ष यतादेखि एन्फाले व्यक्तिगत रिसिइवीका कारण क्यालेन्डरबाट हटाएको राईले अरोप लगाए ।

धरानस्थित एन्फा टेक्निकल सेन्टरमा हुने प्रतियोगिताको पुरस्कार राशि पनि बढेको छ । विजेतालाई ५० हजार बढाउँदै ४ लाख रूपैयाँ र उपविजेतालाई २ लाख रूपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ । प्रशिक्षकसहित उत्कृष्ट पाँच पोजिसनका खेलाडीलाई पनि जनही ११ हजार रूपैयाँ पुरस्कार दिइनेछ । प्रतियोगितामा १० वटा टोलीले सहभागिता जनाउनेछन् । अघिल्लो प्रतियोगितामा आठवटा मात्र टोलीले भाग लिएका थिए । आयोजकका अनुसार मनाङ मर्स्याङ्दी, नेपाल आर्मी, एपिएफ, स्पन्देही ११, कास्की ११, दुर्गापुर फुटबल क्लब भारत, सेयर क्लब भारत र धरान फुटबल क्लब छन् ।

## /Elg va/

# 'भाग्यले बाँचेकाहरु'लाई अर्को अन्तर्राष्ट्रिय अवार्ड

विनाशकारी भूकम्पमा पर्दासमेत मृत्युलाई जित्न सफल केही नेपालीको कथालाई समेटेर तयार पारिएको चर्चित वृत्तचित्र 'भाग्यले बाँचेकाहरु'ले अर्को अन्तर्राष्ट्रिय अवार्ड जितेको छ ।

भारतको राजधानी नयाँदिल्लीमा मंगलबार सम्पन्न तेस्रो नोइडा अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा 'भाग्यले बाँचेकाहरु (नेपाल अर्थक्वेकः हिरोज, सर्भाइभर्स एन्ड मिराकल्स)'ले उत्कृष्ट डकुमेन्ट्री–जुरी अवार्ड जितेको



हो । गत महिना काठमाडौँमा सम्पन्न काठमाडौं पर्वतारोहण अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (किम्फ) मा 'भाग्यले बाँचेकाहरु'ले नेपाल पानोरोमामा उत्कृष्ट डकुमेन्ट्री अवार्ड र पब्लिक च्वाइस अवार्ड गरी एकसाथ दुईवटा अवार्ड जितेको थियो ।

भारतमा समेत अवार्ड जित्दा आफू निकै उत्साहित भएको वृत्तचित्रका निर्देशक गणेश पाण्डेले बताए । उनका अनुसार अर्को साता युरोपियन मुलुक सोल्मानियामा हुने माउन्टेन फिल्म महोत्सव र क्यानडाको टोरोन्टो नेपाली फिल्म फेस्टिबलसहित विश्वका दुई दर्जन चलचित्र महोत्सवमा 'भाग्यले बाँचेकाहरु' प्रतिस्पर्धाका लागि छनोट भइसकेको छ ।

'भाग्यले बाँचेकाहरु'को अन्तर्राष्ट्रिय संस्करण ४५ मिनेटको छ । यसअघिको नेपाली संस्करण ५५ मिनेटको थियो । अंग्रेजी संस्करणका लागि अमेरिकी चलचित्रकर्मी जोसाय हुपर र सपना शाक्यले परामर्शदाता सम्पादकको भूमिका निर्वाह गरेका छन् । यसैगरी, लेखन तथा भ्वाइसओभर पनि जोसाय हुपरकै रहेको छ । नेपाली संस्करणको लेखन तथा भ्वाइसओभर भने सशस्त्र प्रहरी निरीक्षक दीपक कोइरालाले गरेका थिए । शारदा गैरेको निर्माण, कुमार शाहको सम्पादन, विनोद विष्टको छायांकन, जुगल डंगोलको संगीत संयोजन तथा सम्राट भुमिजको पोस्टप्रडक्सनमा बनेको डकुमेन्ट्रीमा धरहरा ढल्दै गरेको प्रत्यक्ष भिडियोदेखि वैशाख १२ गतेको महाभूकम्पमा परेर चामत्कारिक रूपमा नयाँ जीवन पाएका नौजना नेपालीको कथालाई पर्दामा उतारिएको छ ।

# चैत १२ मा आर्यनको आवेग

निर्देशक वसन्त निरौला निर्देशित फिल्म आवेगको प्रदर्शन मिति तोकिएको छ । सूर्य कार्कीले निर्माण गरेको फिल्म १२ चैतमा दर्शकमाझ आउनेछ ।




फिल्ममा आर्यन सिग्देल 'एक्सन' भूमिकामा छन् । उनका साथ पवित्रा आचार्य, अर्चना देलाल, ध्रुव दत्तलगायतले अभिनय गरेका छन् । अष्ट महर्जनको द्वन्द्व निर्देशन, अर्जुन पोखरेल र टंक बुढाथोकीको संगीत रहेको फिल्म पुरूषोत्तम प्रधानले खिचेका हुन् । निर्देशक निरौलाले यसअघि 'विजयपथ' र 'राजनीति' फिल्म निर्देशन गरिसकेका छन् । फिल्मको सोल्टीले हाँसेको बोलको गीत चर्चामा रहँदै आएको छ ।

## skf/6

# लक्ष्मी बैंकले हकप्रद सेयर निष्कासन गर्ने

लक्ष्मी बैंकको पन्ध्रौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथै आव ०७१/०७२ को बैंकको वित्तीय विवरण स्वीकृत गरेको सञ्चालक समिति अध्यक्ष राजेन्द्र खेतानले बताए । साधारणसभाले हाल कायम भएको पुंजीको शतप्रतिशत अर्थात् १ कित्ता सेयरबराबर १ कित्ताका दरले हकप्रद सेयर निष्कासन गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

बैंकले अधिकृत पुंजी वृद्धि गरी १० अर्ब रूपैयाँ पुऱ्याउने भएको छ । आव ०७०/७१ मा ३९.९ अर्ब निक्षेप र ३१.५ अर्ब कर्जा लगानी गरेको बैंकको वासलात आकार ४५.८ अर्ब छ । बैंकले सोही आवमा करिब ८५ करोड सञ्चालन मुनाफा आर्जन गरेको साधारणसभामा जानकारी दिइएको थियो ।

यसैबीच बैंकले वैशाखमा गएको भूकम्पमा क्षति पुगेका घरको पुनर्निर्माणमा ल्याएको माइक्रो मोर्टगेज स्किमअन्तर्गतको पहिलो घर कर्जा वितरण गरेको छ । उक्त कर्जा भन्ज्याङपोखरी, छत्रे देउराली धादिङका एक ग्राहकले प्राप्त गरेका हुन् ।

नेपाल राष्ट्र बैंकको भूकम्पप्रभावित घरहरूको पुनर्निर्माणमा ल्याइएको रिफाइनान्सिङ स्किम ०७२ अन्तर्गत सो घर कर्जा ल्याएको हो । यसको वार्षिक ब्याजदर २ प्रतिशतमा प्रदान गरिएको बैंकले जनाएको छ ।

सोही स्किमअन्तर्गत लक्ष्मी बैंकले आफ्नो माइक्रो फाइनान्स सब्सिडियरी लक्ष्मी लघुवित्त वित्तीय संस्थासँगको साझेदारीमा भूकम्पप्रभावित क्षेत्रका ६ सयजना योग्य ऋणीहरूमा उक्त कर्जा प्रदान गर्ने लक्ष्य लिएको छ । यस अभियानलाई डिएफआइडी नेपालको 'सक्षम–एक्सेस टु फाइनान्स' कार्यक्रमले समेत सहयोग दिएको बैंकले जनाएको छ ।

# एनएमबी दियो लाभांश

एनएमबी बैंक लिमिटेडले ०७१/०७२ को वितरणयोग्य नाफाबाट ८ दशमलव ४२ प्रतिशत लाभांश दिने भएको छ । सञ्चालक समितिका अध्यक्ष पवनकुमार गोल्यानको अध्यक्षतामा सोमबार सम्पन्न २०औं वार्षिक साधारणसभा बैठकले यस्तो निर्णय गरेको हो । मर्जरपश्चात्को चुक्तापुँजीको ८ प्रतिशत बोनस सेयर र ०.४२ प्रतिशत लाभांश (कर प्रयोजनार्थ नगद लाभांश) वितरण गर्ने प्रस्ताव पारित गरेको बैंकले जनाएको छ ।

बैंकले अन्य मर्ज भएका बैंक तथा वित्तीय संस्थाको आव ०७१/७२ को मुनाफालाई सञ्चित गरी राखिएको समेत जानकारी गराएको छ ।

साधारणसभाले गोल्यानको अध्यक्षतामा निर्विरोध नयाँ सञ्चालक समितिको चयन गरेको छ । जसमा संस्थापक सेयरधनीका तर्फबाट गोल्यान, मनोजकुमार गोयल, रोमणीप्रसाद पाठक, कर्मचारी सञ्चयकोष र एफएमओ नेदरल्यान्ड छन् । यस्तै, सर्वसाधारण सेयरधनीका तर्फबाट कमलेशकुमार अग्रवाल, हरिश्चन्द्र सुवेदी र हरिबाबु न्यौपाने चयन भएका छन् ।




म.क्षे.हु. नि. द. नं. १/०६५/०६६ जि.प्र.का.का.द.नं. ३७/०४०/०४१


## मन्त्री ढकाललाई...

दलहरूभित्र पनि सांसदहरूलाईनै क्रिश्चियन धर्म प्रचारमा सहयोग पुऱ्याएको प्रवचन दिएपछि उनीसँगै कोरिया पुगेका सांसद र संसद सचिवालयका सहसचिव रवि अर्याल समेत मैँन बसेर मन्त्रीको प्रवचन मस्तले सुनिरहेका थिए ।

मन्त्री ढकालसँगै गएका एक सांसदले नेपालमा रहँदा मन्त्री ढकालले क्रिश्चियन सम्बन्धी कार्यक्रम होइन भनेका थिए, तर यहाँ उनले क्रिश्चियन धर्मका बारेमा प्रवचन दिएपछि आफूहरू रणभूल्लमा परेका छौं भन्ने उद्घोष गर्दै मन्त्री जस्तो जिम्मेवार पदमा बसेका व्यक्ति नै क्रिश्चियन धर्मका खाटी प्रारचक रहेछन् भन्दै आक्रोश समेत व्यक्त गरेका छन् । क्रिश्चियन धर्मको प्रचारकका रूपमा मन्त्री ढकालले सहसचिव अर्याललाई ठूलो सहयोग गरेको रहस्य विस्तारै खुल्दै गएको छ । निज अर्याल अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कारबाहीमा परेका भएपनि राजनीतिक दबाबका कारण उनी छुटेका व्यक्ति हुन् । अहिले तिनै अर्याल मन्त्री ढकाललाई गुरू मानेर क्रिश्चियन धर्म प्रचारमा सक्रिय भएका छन् ।

मन्त्री ढलकासँगै दक्षिण कोरिया जाने सांसदहरूमा कांग्रेसका पार्वता चौधरी, ओमदेवी मल्ल, खड्गबहादुर बस्याल, एमालेका श्रीमाया थकाली, हरिप्रसाद उप्रेती र कृष्णभक्त पोखरेल, संघीय समाजवादी फोरमकी छायाँ शर्मा पन्त, नेकपा संयुक्तका जयदेव जोशी, परिवार दलकी मिलन कुमारी राजवंशी र नेकपा मालेकी कमला विश्वकर्मा रहेका छन् । क्रिश्चियन धर्म प्रचार गर्न कोरिया पुगेका मन्त्री ढकाल र सांसदहरूले पदीय मर्यादा भुलेर मर्यादा विपरितको कार्य गरेका हुनाले उनीहरूलाई सम्बन्धित पार्टीहरूले तत्कालै वर्खास्त गर्नुपर्ने र मन्त्री ढकाललाई प्रधानमन्त्री केपी ओलीले वर्खास्त गर्नुपर्ने आजाव उठेको छ । मन्त्री पदमा बसेर कुनै एक धर्मको प्रचार गर्नु नेपालको संविधानको विपरित कार्य भएकाले प्रधानमन्त्री ओलीले निजलाई तत्काल बर्खास्त गर्नुपर्ने आवाज हिन्दू संगठनहरूले उठाएका छन् ।

## धर्मनिरपेक्ष...

जनजाति, सिमान्तकृत बर्ग सबैलाई सरकारविरूद्ध अन्तिम आन्दोलन गर्न आह्वान गरिसकेको स्थिति छ । यसैवीच विप्लव माओवादी र सीके राउतले युवाहरूलाई संगठित गरेर फौजी संगठन तैयार गरिरहेका छन् । यो अवस्थालाई संविधानको सीमामा ल्याउन नसकेको ओली सरकारविरूद्ध ऊँकार परिवार सडकमा निस्किए भने यो सरकार त जान्छ, जान्छ, कार्यान्वयन हुन नसकेको संविधानसमेत घोषणा गर्ने सुशील कोइरालासँगै चिहानतिर जाने निश्चित हुनेछ ।

नेपाल हिन्दूराष्ट्र नभएकोमा भारत खुश छैन । भारत खुश नहुनु भनेको आफैमा नेपालमाथि संकट थपिनु हो, जुन संकटपूर्ण भइरहेको पनि छ । तत्कालीन सभामुख सुभाष नेम्वाङले संविधानको मस्यौदामा जालझेल गरेर धर्मनिरपेक्षता छिराइदिएपछि र अन्य नेताहरू विदेशी क्रिश्चियनबाट प्राप्त सुविधामा रमाएपछि धर्मनिरपेक्ष संविधान जारी हुनगएको हो ।

अव ऊँकार परिवार जागेका छन् । ऊँकार परिवार साँच्चै सडकमा उत्रिए भने नेपाल पुनः हिन्दूराष्ट्र हुनेछ । राष्ट्रिय जनसंघर्ष समितिले राप्रपा नेपालले खुट्टा कमाएझैं गर्छ कि अडिग भएर आफ्नो एजेन्डामा उभिन्छ, यही सवालमा नेपाल धर्मनिरपेक्ष कि हिन्दूराष्ट्र भन्ने जवाफ सन्निहित रहेको विश्लेषण हुनथालेको छ ।

## कम्युनिष्टको...

भोलेबाबाको पूजा गरेर धुनी जगाउने र बुटीका रूपमा गाँजा तान्ने चलन पपनि छ । अरूले त्यस्तो नगर्दै प्रधानमन्त्री केपी ओलीले भोलेबाबाको दर्शन गर्न भ्याएका छन् ।

अनौठो छ कम्युनिष्ट सिद्धान्त । मोहनचन्द्र अधिकारी पनि कम्युनिष्ट हुन् । उनले पनि जनविद्रोह गरे । तर आजकल रूद्राक्षको माला जपेर बमबम भोले जपिरहन्छन् । केपी ओली त २०२८ सालको झापा आन्दोलनका ज्यानमारा नै हुन् । धर्मप्रसाद ढकाललाई भात खान निहुरेका बेलामा खसी मार हानेझैं हान्ने त्यो जनयुद्धकारी केपी ओलीले १४ वर्ष जेल बसे तर अहिलेसम्म त्यो आन्दोलनमा भएका अपराधबारे जनतासँग माफी मागेका छैनन् । तिनै कम्युनिष्टले पशुपतिनाथको दर्शन गरेको पत्याउन सकिन्न । तर उनले दर्शन गरेको पक्का हो ।

मान्छेलाई जब मर्छु भन्ने भान पर्छ अनि भगवानप्रति आस्था राख्न पुग्छ । लाग्छ, केपी ओलीलाई अव मान्छे अमर छैन भन्ने बुद्धि बंगारो पलाएजस्तो छ ।

पशुपति दर्शन गर्न पुगेका प्रधानमन्त्री ओलीको पशुपति विकास कोषका सवारी सदस्य सचिव गोविन्द टण्डनले चलाएका थिए । उनले भूकम्पले पुऱ्याएको क्षती पुननिर्माण गर्न २५ करोड निकासा भएर पुग्दैन भनेपछि प्रधानमन्त्रीले योजना पेश गर्न भनेका छन् ।

## मनमोहनको...

अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई वैधानिकता दिने गरी संसदमा पेश भएको विधेयक फिर्ता लिने मागसहितको ध्यानाकर्षण पत्र बुझाएका हुन् । नागरिक अगुवाहरूका अनुसार उक्त विधेयक पारित हुँदा चिकित्सा क्षेत्रमा गम्भीर असर पर्ने भन्दै उक्त विधेयक फिर्ता लिन माग गरिएको छ । कानुनविद् एवं पूर्वमन्त्री नीलाम्बर आचार्य, कुलचन्द्र गौतम, अनुराधा कोइराला, पत्रकार युवराज घिमिरेलगायत पचासजना भन्दा बढीले माग पत्रमा हस्ताक्षर गरेका छन् । ध्यानाकर्षण पत्रमा नाफामूलक कुनै पनि संस्थालाई प्रतिष्ठान बनाउने गरी छुट्टै कानुन निर्माण गर्नु कानुनी सिद्धान्त विपरित हुने उल्लेख गरिएको छ । भने पत्रमा यस्तो नजिरले चिकित्सा क्षेत्रमा थप जटिलता ल्याउने निश्चित भएकाले तत्कालन विधेयक फिर्ता गर्न सरकार र संसदलाई आग्रह समेत गरिएको छ ।

सुशील कोइराला नेतृत्वको सरकारले केही समय पहिला चिकित्सा क्षेत्रका बारेमा समस्याहरू केलाएर सरकारलाई प्रतिवेदन बुझाउन एक कार्यदल नै गठन गरेको थियो । सो कार्यदलका संयोजक केदारभक्त माथेमा नै थिए । उनको कार्यदलले आफ्नो प्रतिवेदन सरकारलाई बुझाइसकेको अवस्थामा सो कार्यदलको सुझाव लागु गर्नुको सट्टा नेकपा एमालेका नेताहरू नै प्रवर्द्धक रहेको मनमोहन स्वास्थ्य प्रतिष्ठानलाई शैक्षिक योग्यताको प्रमाणपत्र समेत दिने अधिकारसहितको निजी क्षेत्रको मेडिकल कलेजलाई स्विकृति दिँदा मेडिकल केलजमा बेथिति बढ्ने विज्ञहरूले बताइरहँदा नेकपा एमालेका नेताहरू भने जसरी भएपनि मनमोहन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वीकृति दिने प्रपञ्च रचिरहेका छन् । स्मरण रहोस्, उक्त प्रतिष्ठानका अध्यक्ष नेकपा एमालेका सांसद राजेन्द्र पाण्डे रहेका र उक्त प्रतिष्ठानमा एमालेका धेरै नेताहरूको लगानी रहेकोले आफ्नै पार्टीका अध्यक्ष केपी ओली प्रधानमन्त्री रहेका बेला उक्त प्रतिष्ठानलाई स्वीकृति दिलाउन ज्यान दिएर लागेका छन् । नेकपा एमालेले आफ्नो पार्टीका स्वर्गीय अध्यक्ष मनमोहन अधिकारीका नाममा समेत व्यापार गर्न लागेको भन्दै केही समय पहिला सोही पाटीका नेता एवं पर्यटन तथा संस्कृति मन्त्री आनन्द पोखरेलले उक्त प्रतिष्ठानबाट लगानी फिर्ता लिँदै उक्त प्रतिष्ठानको सञ्चालक समितिबाटै राजिनामा दिएका थिए ।

## प्रधानमन्त्री...

मन्त्री एकनाथ डकालले उनी आफै अध्यक्ष भएको युनिभर्सल पिस फेडरेशनको खर्चमा १० जना सभासदसहित कोरिया हिडेका हुन् । उनीसँग सभासदहरू कांग्रेसका डिसी चौधरी, ओमदेवी मल्ल, खड्गबहादुर बस्याल, एमालेका श्रीमाया थकाली, हरिप्रसाद उप्रेती र केष्णभक्त पोखरेल, संघीय समाजवादी फारेमकी छायाँ शर्मा पन्त, नेकपा संयुक्रकी सभासद जयदेव जोशी, नेकपा मालेकी कमला विश्वकर्मा र परिवार दलका मिलनकुमार राजवंशी गएका छन् ।

एकसय छब्वीस जाति बसोबास गर्ने मुलुकको मन्त्री एउटा धर्मको प्रचारक बनेर हिड्न मिल्छ कि मिल्दैन ? मन्त्री भनेको देशको हुन्छ कि एउटा धर्मको मात्रै ? यी यस्ता प्रश्न हुन्, जसको जवाफ स्वयं प्रधानमन्त्रीले खोज्नु र जनतालाई सुसूचित पार्नुपर्ने हो ।

प्रधानमन्त्री हास्यकलाकार, मन्त्री विदेशी इसारामा चल्ने प्यादा । यस्तो सरकारलाई लोकतान्त्रिक सरकार भन्न मिल्छ कि मिल्दैन ?

## प्रभु र ग्रान्ड...

सालमा समृद्धि विकास बैंक र बैभव फाइनान्ससँग मर्ज गरेर विकास बैंकमा स्तरोन्नति भएको थियो । २०७१ सालमा बैंकले किष्ट बैंक, जेनिथ फाइनान्स र गौरीशंकर डेभलपमेन्ट बैंक मर्ज भएर वाणिज्य बैंकमा तरोन्नति भएको थियो । त्यसवेला बैंकको चुक्ता पुँजी ३ अर्ब २० करोड रूपैयाँ पुगेको थियो । ग्रान्ड बैंकसँगको मर्जपछि बैंकको चुक्ता पुँजी ५ अर्ब २० करोड पुगेको सिइओ शेरचनले बताए । मर्जरपछि बैंकमा कर्मचारीको संख्या करिब १ हजार २ सय र शाखा १ सय ३६ वटा पुग्नेछ ।

पहिले मर्जरलाई बाध्यताका रूपमा लिने गरिए पनि पछिल्लो समयमा त्यो आवश्यकता प्रमाणित हुँदै गएको शेरचनको भनाइ छ । थोरै पुँजीको वित्तीय संस्थाले ठूलो हुँदै गएको अर्थतन्त्रमा राम्रो काम गर्न नसक्ने भएकाले मर्ज भएर ठूलो पुँजीको वित्तीय संस्था चलाउनु सही भएको उनले बताए ।

कार्यक्रममा प्रभुसँग मर्ज भएको ग्रान्ड बैंकका निवर्तमान अध्यक्ष स्वरूप गुरूङ कोनेले ग्रान्ड बैंकका कर्मचारीको भविष्य सुरक्षित भएको भन्दै खुसी व्यक्त गरे । धेरै कष्टपूर्ण तवरले प्रभु बैंकसँग मर्ज गर्दा खुसी भएको उनको भनाइ थियो । ग्रान्ड बैंकका सञ्चालकहरूको गलत कदमका कारण आफूले सजायस्वरूप बैंकलाई मर्जरमा लानुपरेको उनले बताए ।

बैंकर्स एसोसिएसनका अध्यक्ष उपेन्द्र पौडेलले नेपाल राष्ट्रबैंकमा लामो समयदेखि डेपुटी गभर्नर नियुक्त नभएकामा चिन्ता व्यक्त गरे ।

## ६ महिनामा बैंकले कमाए १२ अर्ब खुद नाफा

काठमाडौं । चालू आर्थिक वर्षको पहिलो ६ महिनामा मुलुकका २१ वाणिज्य बैंकले १२ अर्ब ४ करोड खुद नाफा कमाएका छन् । मुलुकका २१ वाणिज्य बैंकले प्रकाशित गरेको दोस्रो त्रैमासको वित्तीय विवरणअनुसार बैंकहरूको मुनाफा उत्साहजनक देखिएको हो । पुस मसान्तमा कायम ३० वाणिज्य बैंकमध्ये ९ वटाले अझैसम्म वित्तीय विवरण प्रकाशित गरेका छैनन् । नेपाल धितोपत्र बोर्डको व्यवस्थाअनुसार हरेक त्रैमास सकिएको ३० दिनभित्र बैंकहरूले सो त्रैमासको वित्तीय विवरण अनिवार्य रूपमा प्रकाशित गर्नुपर्ने हुन्छ ।

आर्थिक वर्षको पहिलो ६ महिनामा तीनवटा वाणिज्य बैंकको खुद नाफा १ अर्ब नाघेको छ । सो अवधिमा नबिल बैंकले १ अर्ब ३५ करोड खुद नाफा कमाएको छ । त्यस्तै, नेपाल इन्भेष्टमेन्ट बैंकले १ अर्ब ८ करोड र नेपाल बैंकले १ अर्ब ५ करोड मुनाफा आर्जन गरेका छन् । वित्तीय विवरण प्रकाशित गरेकामध्ये ग्रान्ड बैंकले सबैभन्दा कम १४ करोड ९१ लाख नाफा आर्जन गरेको छ । ग्रान्ड प्रभु बैंकसँग मर्ज भइसकेको छ ।

भूकम्प र नाकाबन्दीका कारण नेपाल राष्ट्र बैंकले साउन मसान्तमा तिर्नुपर्ने ऋणको सावाँब्याज भुक्तानी गर्ने समय चैत मसान्तसम्मलाई बढाइदिएकाले बैंकहरूको वित्तीय विवरण उत्साहजनक देखिएको बैंकरहरूले बताएका छन् ।

प्रोभिजनिङअघिको सञ्चालन मुनाफामा पनि नबिल बैंक र इन्भेष्टमेन्ट बैंक नै अगाडि देखिएका छन् । नबिलले करिब १ अर्ब ९१ करोड र इन्भेष्टमेन्टले करिब १ अर्ब ७६ करोड प्रोभिजनिङअघिको सञ्चालन मुनाफा आर्जन गरेका छन् ।

## एकताको...

मोहन वैद्य, नेत्रविक्रम चन्द, बाबुराम भट्टराई, मणि थापा, मात्रिका यादव सबै एमाओवादीकै नेता भएता पनि उनीहरू अहिले फरक फरक पार्टीको नेतृत्व गर्दै आएका छन् ।

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले फागुन १ गते जनयुद्ध दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै विभाजित मनहरूलाई फेरि एकताबद्ध गर्न आफूले प्रयास गरिरहेको र केही दिनभित्र विभाजित भएका सबै नेता तथा कार्यकर्ताहरू एउटै पार्टीमा सामेल हुने बताएका थिए । आगामी दुई वर्षभित्रमा एमाओवादीलाई मुलुकको एक नम्बर पार्टी बनाउने घोषणा गर्दै आएका दाहालले विभाजित भएका नेता तथा कार्यकर्ताहरूलाई जनयुद्ध दिवसको अवसरमा बधाई तथा शुभकामना दिएका थिए । सो अवसरमा छरिएर रहेका सबै माओवादी शक्तिलाई मार्क्सवाद, लेनिनवाद र माओवादको झण्डामुनी एक हुन आव्हान समेत गरेका थिए ।

पार्टी एकताका लागि वार्ता गर्दै आएका नेकपा माओवादी क्रान्तिकारीका अध्यक्ष मोहन वैद्यले समेत शुभकामना दिँदै सच्चा क्रान्तिकारी तथा माओवादी बीच एकता आजको आवश्यकता भएको बताउँदै एकजुट भएर सबैलाई अघि बढ्न आग्रह समेत गरेका छन् । वैद्य नेतृत्वबाट अलग भएको नेत्रविक्रम चन्दको पार्टीले समेत एकता आवश्यक भएको बताउँदै एकतालाई जोड दिएका छ । सो पार्टीले समेत फागुन १ गते जनयुद्ध दिवस मनाएको छ । एमाओवादीबाट अलग भई नयाँ शक्ति निर्माण गरेका डा.बाबुराम भट्टराईले भने जनयुद्ध दिवस मनाएनन्, सो दिन उनले आफ्नी छोरीको विवाह गरेर छोरीलाई अन्माएका थिए । भट्टराईले फागुन १ गतेका अवसरमा प्रकाशित गरेको वक्तव्यमा वीर सहिद, वेपत्ता योद्धालगायत सबैलाई हार्दिक सम्मान र अभिवादन समेत गरेका भएपनि पार्टी एकताका बारे केही उल्लेख गरेका छैनन् ।

प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार